

असल छिमेकी नेपाल
ASAL CHHIMEKEE NEPAL

# ACN ANNUAL REPORT 2018/19

## वार्षिक प्रतिवेदन २०७५/०७६




Ghalang Urban Clinic, Gorkha-1, Nareshor

## राष्ट्रिय गान

सयौं थुङ्गा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची महाकाली ।

प्रकृतिका कोटी–कोटी सम्पदाको आँचल
वीरहरूका रगतले, स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।।

# गैरसरकारी संस्था, गैरसरकारी संस्थाका पदाधिकारी सदस्य, कर्मचारी एवं स्वयंमसेवकहरूको आचार संहिता २०६७

## NGO Code of Conduct – 2067

१. सामाजिक जिम्मेवारी र पेशागत आचरता ।
   Social Obligation and Professional Conduct.
२. मानव अधिकार र स्वतन्त्रताको सम्मान ।
   Respect to Human Rights and Freedom.
३. निरक्षेपता र तटस्थता ।
   Security and Neutrality.
४. सहयोगात्मक मानवीय व्यवहार ।
   Cooperative and Human Behavior.
५. आन्तरिक सुशासन, पारदर्शिता र जवाफदेहिता ।
   Internal Good Governance, Transparency and Accountability.
६. आर्थिक अनुशासन ।
   Financial Discipline.
७. स्वायत्तता तथा आपसी सद्भाव ।
   Autonomy and Mutual Respect.
८. आत्मनिर्भरता तथा दिगोपना ।
   Self-Reliance and Sustainability.
९. मानव संसाधान व्यवस्थापन ।
   Human Resource Management.
१०. समन्वय र सहकार्य ।
   Coordination and Cooperation.

# विषय सूची


अध्यक्षको मन्तव्य — ०३
धन्यवादका शब्द — ०४
सस्थाको परिचय,     , परिलक्ष्य — ०५
कार्यकारिणी समितिका पदाधिकारीहरुको नामावली — ०६
आर्थिक वर्ष २०७५/७६ को मुख्य उपलब्धिहरूको सारांश — ०७
समुदायमा कान्ति छर्दै उमाकन्ती — ०८
संस्थाको सुशासनीय व्यवस्था — ०९
गोरखा भूकम्प प्रतिकार्य कार्यक्रमको समापन — १०
१. शान्तिपूर्ण र समावेशी समाज प्रवर्द्धन — १२
२. समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा — १४
३. स्वस्थ तथा समृद्ध जीवन — १६
४. सुरक्षित तथा दिगो समुदायको निर्माणमा सहयोग — २१
५ विपद् प्रतिकार्य सहयोग कार्यक्रम — २३
   ५.१ व्यक्तिगत आवास पुनर्निर्माण सहायता परियोजना — २३
   ५.२ जीविकोपार्जन तथा स्वास्थ्य परियोजना — २५
६. गाउँघर क्लिनिक तथा सहरी स्वास्थ्य इकाइ भवन निर्माण — २७
७. पहिरो प्रभावितहरूलाई व्यक्तिगत आवास पुनर्निर्माण सहायता कार्यक्रम — २९
कोषाध्यक्षको प्रतिवेदन — ३१
आर्थिक प्रतिवेदन २०७५/७६ — ३६
योजना तथा बजेट आ.व. २०७६/७७ — ३६
आन्तरिक तथा बाहय अनुगमन तथा मूल्याङ्कनका झलकहरु — ३७
पत्रपत्रिकामा प्रकाशित समाचारहरू — ३९


**यस प्रतिवेदनमा प्रकाशित सामग्रीहरु सम्बन्धित व्यक्ति तथा निकायसँगको पूर्वस्वीकृतिमा प्रकाशन भएका छन् ।**

# अध्यक्षको मन्तव्य



विपन्न र समस्यामा परेका समुदायलाई लक्षित गरी समाज सेवा गर्ने उद्देश्यका साथ पोखरेली ख्रीष्टिय समुदायले वि. सं. २०५९ सालमा कास्की जिल्ला प्रशासन कार्यालयमा असल छिमेकी नेपाल दर्ता गराई कार्य सुरू गरेको यहाँहरूलाई विदितै छ । देशको विकास गर्न समाजको सुदृढीकरण हुन अपरिहार्य छ । समाजमा भएका अन्धविश्वासहरू जातीय भेदभाव, मानव तस्करी, एक–अर्काप्रति गर्ने षडयन्त्र, ईर्ष्या, डाह, भ्रष्टाचार आदि हटाउन गैरसरकारी संस्थाहरूको सक्रिय भूमिकाको आवश्यकता छ र यसै उद्देश्यका साथ यस संस्था पनि अगाडि बढिरहेको छ ।

असल छिमेकी नेपालले विशेष गरी कास्की र नवलपरासी जिल्लाका अति विपन्न तथा पिछडिएका समुदायहरूमा कार्य गरिरहेको छ । साथै प्राकृतिक प्रकोपका कारण समस्या परेकाहरूलाई गोरखा, पर्वत, पर्सा, बारा सहितका जिल्लाहरूमा प्रभावितहरूको उत्थान साथै जनचेतना फैलाउने काममा सेवा पुऱ्याउँदै आएको छ । समुदाय विकास लागूऔषधको कुलतमा परेका महिलाहरू विपद् प्रभावितहरूका लागि राहत तथा पुनर्स्थापना र पुनर्निर्माणका क्षेत्रमा योगदान पुऱ्याउन साथै नेतृत्व विकास, युवाहरूलाई सीप विकास गराउन असल छिमेकी नेपालले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

सरकारी तथा गैरसरकारी निकायहरूले पनि हामीहरूलाई सहयोग गर्नुभएकोले हामी यहाँसम्म आउन सफल भएका छौं । दातृ–निकायहरूले हामीहरूलाई अत्यन्त विश्वास गरे । साथै चर्च समुदायको प्रार्थना र स्वयम्–सेवकहरूको परिचालन, कर्मचारी साथीहरूको परिश्रम र इमान्दारिताको लागि म अत्यन्त कृतज्ञ छु ।

अन्त्यमा असल छिमेकी नेपालको १७ औं वर्षको शुभ अवसरमा सम्पूर्ण आजीवन तथा साधारण सदस्यज्यूहरू, कार्यकारिणी समितिका सदस्य तथा सल्लाहकार साथीहरू, समाज कल्याण परिषद्, सरोकारवालाहरू साथै नेपाल सरकार, पोखरेली ख्रीष्टिय समुदाय, दातृ–निकायहरू, सहयोगी संस्थाहरू सबै लाई धन्यवाद दिन चाहन्छु । संस्थाका निर्देशक एवम् सबै कर्मचारी भाइबहिनीहरूको अनवरत परिश्रमको सह्रना गर्दछु । आउने दिनहरूमा पनि यहाँहरूको सद्भाव, प्रेम तथा सहयोग निरन्तर पाइरहने अपेक्षा राख्दछु ।

**भरतबहादुर गुरुङ**
**अध्यक्ष**

# धन्यवादका शब्द



असल छिमेकी नेपालका आजीवन तथा साधारण सदस्य, लाभग्राही समुदाय, कार्यकारिणी समिति, समन्वयकारी सरकारी तथा गैरसरकारी निकाय, सहयोगी दातृ–निकाय, पोखरेली ख्रीष्टिय समुदाय तथा संस्थाका कर्मचारी मित्र र सम्बन्धित सबैमा हार्दिक अभिवादन !

विपन्न तथा सीमान्तकृत वर्ग तथा समुदायको विशुद्ध सेवा गर्ने उद्देश्यले २०५९ सालमा पोखरेली ख्रीष्टिय समुदायको पहलमा स्थापना भएर आर्थिक तथा गैरआर्थिक सीमितताका बावजुद पनि लक्ष्य अनुरुप सेवाको काम गर्ने अथक प्रयत्न अनुरुप असल छिमकी नेपालले १६ वर्ष पार गर्न सफल भएको छ । आफूमा अन्तरनिहित सम्भावना, उपलब्ध स्रोतसाधन र समुदायको सम्बन्धको आडमा बढ्दै गएको यस संस्थाले समुदायको सेवासँगसँगै २०१२ को सेती बाढीदेखि लिएर २०१४ को तराई बाढी, २०१५ को महाभूकम्प, २०१६ को कास्कीको पहिरो, २०१७ को तराईको बाढी, २०१८ को पहाडी पहिरो, २०१८ को पर्वत जलजलाको पहिरो जस्ता विपद्हरूमा समुदायको परिचालन र स्रोतसाधनको खोजी गरी लभान्वित समुदायसँगको सहकार्य, सरकारी तथा स्थानीय निकायसँगको समन्वय साथै दातृनिकायको सहयोगले राहतको चरणबाट पुनर्निर्माण तथा जीवन सामान्यीकरणका पहलरू गरिए र सम्बन्धित सबै पक्षबाट प्राप्त पृष्ठपोषण अनुसार सफल भइएछ भन्ने लागेको छ । कास्की र नवलपरासीका विपन्न तथा सीमान्तकृत समुदायको सर्वाङ्गीण रुपान्तरणको लक्ष्य अनुरुप लाभग्राहीको जीवनमा देखिएका परिवर्तनले हामीलाई गौरव महसुस हुन्छ । लागूऔषध तथा रक्सीको समस्यामा परेका महिला तथा प्रभावित परिवारमा भएको परिवर्तनले पनि हामी उत्साहित छौं । कार्यक्रम तथा परियोजना सञ्चालन गर्दा सधैं जस्तै हुने चुनौतीहरू यस वर्ष पनि आइलागे । त्यसो हुँदाहुँदै पनि परियोजना तथा कार्यक्रमहरू सफल रुपमा अगाडि बढिरहेका छन् । सरकारी निकायको समन्वय तथा सहयोग, पोखरेली ख्रीष्टिय समुदायको साथ, दातृ–निकायको सहयोग, लाभग्राही समुदायसँगको घनिष्ठता र ताली बजाएर उत्साह दिने सबैका कारणले जे भयो त्यो सम्भव भएको हो । तसर्थ यहाँहरू सबै हिस्सेदार पनि हुनुभएकाले हृदयसमेतले कृतज्ञता सहित यहाँहरूप्रति धन्यवाद व्यक्त गर्दछु । कतिजना आफ्नो परिवारबाट टाढा रहेर फिल्डमा खटिनुभयो, सेवाको कामलाई सर्वोपरि ठानेर आफ्नो सेवा–सुविधालाई गौण सम्झेर अत्यन्त उत्साहका साथ अहोरात्र खटिने सबै सहकर्मी साथीहरू, परेको बेलामा तुरुन्त तयार भएर स्वयम्सेवकीय सहयोग गर्ने र सधैं साथ दिने कार्यकारी समितिका अध्यक्ष एवम् सम्पूर्ण पदाधिकारी, सल्लाहकारहरू, उपसमिति साथै साधारण तथा आजीवन सदस्यहरूप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

गोरखा भूकम्पसँग सम्बन्धित धेरै परियोजनाहरू सकिएका कारणले धेरै साथीहरू बिदा भएर जाँदै गर्दा मन भारी भएको छ, तर पनि उहाँहरू सक्षम र सफल कारिन्दा भएकाले खाली बस्न पर्नेछैन भन्ने मेरो विश्वास र प्रार्थना छ । यहाँहरूको योगदानको उच्च मूल्याङ्कन गरेको छु ।
आउने वर्ष पनि यहाँहरू सबैको उस्तै सहयोग र समन्वयको अपेक्षा गरेको छु । यहाँहरूको सरसल्लाहले संस्था आफ्नो क्षेत्रमा अझ खारिँदै प्रभावकारी र सक्षम हुने विश्वास पनि लिएको छु । धन्यवाद !

**राजेन्द्रकुमार अधिकारी (राजु)**
**कार्यकारी निर्देशक**

## परिचय

काम र विश्वास एक–अर्काको परिपूरक हुन् भन्ने सिद्धान्तलाई आत्मसात गर्दै सामाजिक सेवाका लागि पहल स्वरूप वि.स. २०५९ मा पोखरेली ख्रीष्टिय समुदायले असल छिमेकी नेपाल नामक गैरसरकारी संस्था कास्की जिल्लामा दर्ता गरी समाज कल्याण परिषद्मा आवद्ध गराई सामाजिक सेवाका कार्यक्रमहरूलाई अगाडि बढाउँदै आइरहेको छ । संस्थाले विगत सत्र वर्षसम्म आफूसँग भएको स्रोत र साधनको अधिकतम प्रयोग गर्दै गरिब तथा सीमान्तकृत समुदायमा स्वास्थ्य सचेतना तथा प्रवर्द्धन, समुदाय सशक्तीकरण साथै जीविकोपार्जन, निरन्तर शिक्षा, बाल संरक्षण, नवजीवन (उपचार तथा पुनर्स्थापना कार्यक्रम) र विपद् प्रतिकार्य कार्यक्रमहरू कास्की, नवलपरासी, गोरखा र पर्वत जिल्लाहरूमा सञ्चालन गर्दै आएको छ । यसका अतिरिक्त प्राकृतिक विपद्को बेलामा सस्थाले आफूसँग भएको स्रोतले भ्याएसम्म विपद् प्रभावितहरूका लागि अन्य विभिन्न ठाउँहरूमा पनि राहत सामग्री सहित पुगेको छ ।

## दूरदृष्टि ◦

परमेश्वर महिमित हुनुभएको र मानिसहरू परमेश्वर, एक–आपसमा र सृष्टिसँगको मेलमिलापमा रही जीवनको पूर्णतामा आनन्दित भएको एउटा रूपान्तरित समाज ।

## परिलक्ष्य ◦

सर्वाङ्गीण सेवा, सहभागिता र सशक्तीकरणको माध्यमद्वारा नेपालको विशेष गरी पश्चिम खण्डमा रहेका गरिब तथा विपन्न वर्गको जीविकोपार्जन, स्वास्थ्य र समानताका क्षेत्रमा सुधार ल्याउनका लागि समुदायको सेवा गरी परमेश्वरका प्रेम देखाउनु ।

## Values of ACN

- **A** Attitude
- **S** Sharing
- **A** Action
- **L** Love

# कार्यकारिणी समितिका पदाधिकारीहरू साथै संस्थाको सङ्गठनात्मक संरचना

निम्नानुसारका व्यक्तिहरूले ३ वर्षका लागि कार्यकारिणी समिति र सल्लाहकारका जिम्मेवारीहरू सम्हाल्नुभएको छ ।

### कार्यकारिणी समिति

अध्यक्ष : श्री भरतबहादुर गुरुङ
उपाध्यक्ष : श्री मुक्तिनाथ ढकाल
सचिव : श्री प्रकाश भुजेल
कोषाध्यक्ष : श्री पूर्णलाल कायस्थ
सदस्य : श्री विष्णुकुमारी गुरुङ
सदस्य : श्री बिन्दुकुमारी राई
सदस्य : श्री दुर्गा गुरुङ
सदस्य : श्री रिचल घिमिरे
सदस्य : श्री नरबहादुर परियार
सदस्य : श्री रामकुमार श्रेष्ठ
सदस्य : श्री मिनबहादुर गुरुङ


### सल्लाहकार

श्री दीपेन्द्रकुमार गौतम
श्री हरिराम घिमिरे
श्री के. पी. त्रिपाठी
श्री रामबहादुर रोकाहा
श्री वेदबहादुर तामाङ

### आमन्त्रित

श्री रामप्रसाद शर्मा
(संयोजक : पि. सि. सि.
विपद् व्यावस्थापन समिति)
श्री प्रमिला तामाङ(लाभाग्राही प्रतिनिधि)

ACN Functional Organogram



# आर्थिक वर्ष २०७५/७६ को मुख्य उपलब्धिहरूको सिंहावलोकन

नेपाल सरकार तथा विभिन्न सरकारी निकायहरू, पोखरेली ख्रीष्टिय समुदाय र यस अन्तर्गत रहेका समूहहरू, बाल क्लबहरू, सहयोगी सङ्घसंस्था, समूह तथा व्यक्तिहरूको समन्वय, आर्थिक, प्राविधिक तथा साझेदार संस्थाहरूको सहयोगले नै असल छिमेकी नेपाल आफ्नो उद्देश्यतर्फ उन्मुख हुन सकेको छ ।

यस वर्षको वार्षिक उपलब्धिहरू यस प्रकार छन् :

## कास्की तथा नवलपरासी जिल्ला

४१ वटा स्वयम्–सहयोगी समूह र ६ वटा बाल क्लबहरु सञ्चालनमा छन् ।

३६ जना महिलाहरूले परिक्रमा कोषको परिचालन गरी आयमूलक व्यवसायहरू सञ्चालन गरिरहेका छन् ।

८८ महिलाहरूलाई सीपमूलक तालिम तथा १४० महिलाहरूलाई साना व्यापार व्यवसाय व्यवस्थापन तालिम प्रदान गरिएको छ ।

२२० जना महिलाहरूका लागि निरन्तर शिक्षा कक्षा सञ्चालन गरिएको छ ।

२३ जना युवाहरूलाई सीपमूलक तालिम प्रदान गरिएको छ ।

३३ वटा खानेपानीको धारा र ३० वटा शौचालय निर्माण गरिएको छ ।

२२ महिला लागूपदार्थ तथा रक्सी सेवनकर्ताहरू उपचार पश्चात् परिवार तथा समुदायमा पुनर्स्थापित भएका छन् ।

९५५ जना निःशुल्क महिला स्वास्थ्य शिविरबाट लाभान्वित भएका छन् ।

## गोरखा जिल्ला

२७५ व्यक्तिगत आवास पुनर्निर्माणमा सहायता प्रदान गरिएको छ ।

२,२८६ जना जीविकोपार्जन तथा स्वास्थ्यको कार्यक्रमबाट लाभान्वित भएका छन् ।

२ वटा गाउँघर क्लिनिक र १ वटा सहरी स्वास्थ्य इकाइ भवन निर्माणबाट १,२९५ घरधुरी लाभान्वित भएका छन् ।

## पर्वत जिल्ला

२२ पहिरो प्रभावित घरधुरीलाई व्यक्तिगत आवास पुनर्निर्माणमा सहायता प्रदान गरिएको छ ।

## बारा–पर्सा जिल्ला

११७ हावाहुरी प्रभावित घरधुरीलाई राहत, ३१८ अभिभावकहरूलाई आघात न्यूनीकरण सम्बन्धी अभिमुखीकरण, ३०२ गर्भवती तथा सुत्केरी महिलाहरूलाई शिशु किट र पोषणयुक्त खाद्य वस्तु, ५५४ विद्यार्थीहरूलाई विद्यालय पोशाक र ४५ दिनको बालमैत्री कक्षा सञ्चालन गरिएको छ ।

# समुदायमा कान्ति छर्दै उमाकान्ती

गरिबीका कारणले घरबास खोज्दै हिड्ने क्रममा सेतापानी सुकुम्बासी टोल, नवलपरासीमा सहारा लिन पुगेकी उमाकान्ती वि.क को, जग्गाजमिन नभएको कारणले खेती किसान गरेर जीविकोपार्जन गर्ने केही उपाय नभएपछि बाध्यताले श्रीमान् विदेश जानुपऱ्यो । केही सिक्न त मन लाग्ने तर डरका कारणले केही गर्न नसक्ने भए पनि उमाकान्ती असल छिमेकी नेपालद्वारा सञ्चालित स्व–सहयोगी समूहमा सबैको करले अध्यक्ष हुनुभयो । अध्यक्ष भएपछि केही बोल्नुपर्छ भनेर कहिले समूहमै नआउने त कहिले तालिममा उपस्थित नहुने गर्दा समूह राम्रोसँग अगाडि बढ्न सकेको थिएन ।

समूहमा आबद्ध भएको कुरा विदेश हुनुहुने श्रीमान्लाई भन्दा "तिमी नेता भएर मेरो छोरा–छोरीको भविष्य बिगार्दै छौ, तिमी नेता भएर के गर्न सक्छौ र ?" भन्दै रिसाउनुभयो । एकातिर लाज र डर, अर्कोतिर श्रीमान्को रिसको कारणले उमाकान्तीले समूह नै छोड्ने विचार गर्नुभएको थियो तर समूहमा रहेर केही सिक्न सकिन्छ भन्ने विश्वास र अठोटले गर्दा समूहमा हुने हरेक तालिममा सहभागी हुँदै, सिक्दै जानुभयो । समूहद्वारा समुदायमा सामाजिक काम गर्दै अगाडि बढ्नुको साथै विभिन्न सीपमूलक तालिम जस्तै सिलाइकटाइमा पनि भाग लिनुभयो । उहाँले नगरपालिकाबाट सञ्चालित मेलमिलापको तालिममा सहभागी हुने अवसर पाउनुभयो । उहाँले यस विषयमा असल छिमेकी नेपालबाट पनि तालिम लिइसक्नुभएको थियो ।

उमाकान्ती भन्नुहुन्छ, "जब श्रीमान् विदेशबाट घर आउनुभयो, मैले श्रीमान्लाई समूह र मैले गरेका कामहरूको बारेमा सबै सुनाएँ र देखाएँ । उहाँले सबै जनासँग भेट गर्नुभयो । त्यसपछि श्रीमान्ले, 'तिमीले राम्रो काम गरेकी रहेछौ यो काम नछोड बरु तिमीलाई हिँड्न गाह्रो भएको रहेछ अर्को छुट्टीमा आउँदा म स्कुटर किनिदिन्छु', भनेर भन्नुभयो ।

"श्रीमान्को कमाइ जति भए पनि खान लाउन गाह्रो हुन्थ्यो । जब समूहमा बसेँ पैसा कसरी व्यवस्थापन गर्ने, कसरी अरूको बीचमा बोल्ने, आफ्नो खुट्टामा आफैँ कसरी उभिने भन्नेबारे सिकेँ । श्रीमान्ले विदेशबाट पठाउनु भएको पैसाको राम्रोसँग सदुपयोग गर्न सिकेर जग्गा पनि थपेँ अनि घर पनि बनाएँ । आफैँ आयआर्जन गर्नुपर्छ भनेर, घरमै सिलाइ पसल खोल्ने योजनामा छु । पहिला, पैसाको सदुपयोग गर्न नजानेर गरिब भएका रहेछौँ भन्ने लाग्यो । अहिले त समुदायमा हुने हरेक महिला हिंसा, बालविवाह, बहुविवाह, बूढाबूढी आमाहरूलाई नहेर्ने सबै घटनाहरूमा, म आफैँ नगरपालिकाको उपमेयरसँगै बसेर न्याय नपाएकाहरूलाई न्याय दिलाउन पाउँदा खुसी लागेको छ । पहिला त कसैले चिन्थेनन् र गन्थेनन् पनि, अहिले भने सबैले झगडा भयो कि मलाई नै बोलाउन आउँछन् । अहिले त म नगरपालिकाको सामुदायिक मेलमिलापकर्ता पनि हुँ । मलाई यो ठाउँमा पुऱ्याउने असल छिमेकी नेपाल र मेरो 'शक्तिशाली समूह' लाई धन्यवाद ।"



## संस्थाको सुशासनीय व्यवस्था

संस्थाको सुशासन, कामकारबाहीलाई चुस्त–दुरुस्त राख्न, पारदर्शिता कायम गर्न, समतामूलक तथा समावेशी कार्यशैली अवलम्बन गर्न निम्नानुसारको सुशासनीय व्यवस्था छन् ।

## कार्यकारिणी समितिको बैठक

आर्थिक वर्ष २०७५/०७६ मा संस्थाको कार्यकारिणी समितिको बैठक आठ पटक बसेको थियो । संस्थाको कामलाई छिटोछरितो रुपमा निर्णय तथा कार्यान्वयन गर्नको लागि कार्यकारिणी समिति सदस्यहरूमध्येबाट बनेको उपसमिति (आई टी र सपोर्ट समूह) को बैठक गत आ. व. मा ३२ पटक बसेको थियो । यसरी उपसमितिबाट गरिएका निर्णयहरू कार्यकारिणी समितिको बैठकबाट अनुमोदन तथा पारित गरिएको थियो । संस्थाले गर्दै आएका कामकारबाहीहरूको प्रत्यक्ष स्थलगत अवलोकन, कार्यक्रमहरूको प्रभावकारिता सन्दर्भमा सम्बन्धित लाभग्राहीहरू र विभिन्न सरोकारवाला निकायहरूसँग अन्तरक्रिया तथा कर्मचारीहरूको कार्यशैलीको अनुगमन विभिन्न चरणहरूमा भएको थियो ।

## सामाजिक लेखाजोखा

संस्थाले नेपाल सरकारको गैरसरकारी संस्था परिचालन नीति अनुरूप सुशासनको एउटा महत्वपूर्ण अङ्ग ठानेको सामाजिक लेखापरीक्षण विधिलाई यो वर्ष पनि निरन्तरता दिई सस्थाको पाचौं सामाजिक लेखाजोखाको कार्यक्रम १० फागुन, २०७५ मा भूकम्प २०७२ को प्रतिकार्य समापन कार्यक्रमसँगै सम्बन्धित सरोकारवालाहरूको उपस्थितिमा सम्पन्न गरेको थियो । उक्त कार्यक्रममा गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री, माननीय रामशरण बस्नेतज्यूको प्रमुख आतिथ्यमा रहेको थियो । रेडियो गोरखाका प्रतिनिधि श्री नरहरि सापकोटा र श्री विकास मराठाज्यूले सामाजिक लेखाजोखा सत्र सहजीकण गर्नुभएको थियो । संस्थाको परियोजना तथा कार्यक्रम स्थलहरूको स्थलगत अवलोकन, लाभग्राही तथा सरोकारवालाहरूसँग प्रत्यक्ष अन्तरक्रिया, संस्थाको कार्यकारिणी समिति तथा कर्मचारीहरूसँगको अन्तरक्रिया, संस्थाका कागजात तथा संस्थाले अवलम्बन गरेका नीतिनियमहरू लगायत अन्य सम्बन्धित विषयहरूमा अध्ययन अनुसन्धान गरी उक्त कार्यक्रममा प्रस्तुत गर्नुभएको थियो । सो कार्यक्रमबाट आएका पृष्ठपोषण तथा सुझावहरूलाई समाहित गरी असल छिमेकी नेपालको सामाजिक लेखाजोखा प्रतिवेदन २०७५ तयार गर्नुभयो । सामाजिक लेखाजोखा कार्यक्रममा गोरखा, नवलपरासी, कास्की र पर्वत जिल्लाबाट विभिन्न सरकारी निकायका प्रमुख, जनप्रतिनिधिहरू, लाभग्राहीहरू तथा संस्थासँग आवद्ध प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

## आन्तरिक लेखापरीक्षण

संस्थाले वार्षिक आन्तरिक लेखापरीक्षण पि. आर. पराजुली एण्ड एसोसिएट्सबाट गराएको थियो । आन्तरिक लेखापरीक्षणको क्रममा संस्थाको कार्यक्षेत्र तथा सरोकारवालाहरूसँग अवलोकन र अन्तरक्रिया समेत गरिएको थियो । लेखापरीक्षकबाट आएका सुझावहरूलाई सकारात्मक रूपमा लिई सुधारको लागि ठोस कदमसहित संस्था अगाडि बढिरहेको छ ।

# गोरखा भूकम्प २०७२ प्रतिकार्य कार्यक्रमको समापन




२०७२ वैशाख १२ र २९ गतेको विनाशकारी महाभूकम्पको लगत्तै असल छिमेकी नेपालले सुरू गरेको गोरखा भूकम्प प्रतिकार्य परियोजनाको समापन कार्यक्रम १० फागुन २०७५ मा गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री, माननीय रामशरण बस्नेतज्यूको प्रमुख आतिथ्यमा सम्पन्न गरियो । उक्त समापन कार्यक्रममा परियोजना सञ्चालन भएका स्थानीय तहका जनप्रतिनिधिहरू, लाभान्वित समुदायका प्रतिनिधिहरू, पुनर्निर्माणसँग सम्बन्धित विभिन्न सरकारी निकायका प्रमुखहरू, समाज कल्याण परिषद्का प्रतिनिधि, दातृ–निकायका प्रतिनिधिहरू, पत्रकार तथा सम्बन्धित सबै सरोकारवालाहरूको उपस्थिति रहेको थियो ।

२०७२ को महाभूकम्पमा देशको एक तिहाइ जनसङ्ख्याको जनजीवन प्रभावित भएको थियो । सुरुका दिनमा भूकम्प प्रभावितहरूका लागि राहत सामग्री प्रभावित १० जिल्लाका १५,००० घरधुरीलाई वितरण गरिएको थियो । तत्कालीन राहत सामग्री वितरणपछि असल छिमेकी नेपालले विपद् व्यवस्थापनको चरणअनुसार, पुनर्निर्माण र पुनर्स्थापनाको चरणमा नेपाल सरकारको विपद् व्यवस्थापन कार्यनीति अनुरूप गोरखा जिल्लालाई कार्यक्षेत्र बनाएरः सार्वजनिक भवनहरू, व्यक्तिगत आवास साथै समुदायलाई फेरि सामान्य अवस्थामा फर्काउनको लागि समुदायको आवश्यकतामा आधारित जीविकोपार्जन तथा स्वास्थ्यसम्बन्धी कामहरू गरेको थियो । संस्थाले गरेका कार्यलाई सम्बन्धित समुदाय, सरकारी निकायहरूले निकै सराहना गर्दै कामको उचित मूल्याङ्कनसहित संस्थालाई सम्मान पनि गरेको थियो । असल छिमकी नेपालले गोरखा जिल्लाका भूकम्प प्रभावित व्यक्तिको जीवनमा र समुदायमा सकारात्मक परिवर्तन ल्याउन सफल भएको छ । यसप्रकार संस्थाले "सबै मिलेर परिवर्तन ल्याउन सकिन्छ" भन्ने सस्थाको मान्यतालाई चरितार्थ पार्न सफल भएको छ ।

# गोरखा भूकम्प २०७२ प्रतिकार्य कार्यक्रमको उपलब्धिहरुको सारांश

**१५,०००** घरधुरी, ७५,००० व्यक्तिलाई राहत साम्रग्री खाद्य तथा जिन्सी सामग्री वितरण ।

**३,४८६** घरधुरी, १७,५०० जनालाई जाडोको न्यानो कम्बल तथा ओढ्ने कपडा वितरण ।

**५** वटा भूकम्प प्रतिरोधक र अपाङ्गमैत्री स्वास्थ्य चौकी भवन पुनर्निर्माण, करिब ५,००० परिवार (२५,००० जना) लाभान्वित ।

**४** वटा भूकम्प प्रतिरोधक, बालमैत्री र अपाङ्गमैत्री विद्यालय भवन पुनर्निर्माण, करिब ४,००० परिवार (२०,०००) लाभान्वित ।

**१** वटा भूकम्प प्रतिरोधक र अपाङ्गमैत्री वडा कार्यालय भवन पुनर्निर्माण, करिब १,००० परिवार (५,००० जना) लाभान्वित ।

**२७५** घरधुरीलाई व्यक्तिगत आवास पुनर्निर्माणमा निर्माण सामग्री तथा प्राविधिक सहायता प्रदान, करिब १,३७५ जना लाभान्वित ।

**३२५** डकर्मीहरूलाई भूकम्प प्रतिरोधक भवन निर्माण सम्बन्धी ७ दिने तालिम प्रदान ।

**५०** जनालाई एक महिने मान्यताप्राप्त हाउस वाईरिङ्ग तालिम प्रदान ।

**५०** जनालाई एक महिने मान्यताप्राप्त प्लम्बिङ तालिम प्रदान ।

**२,०००** स्वयम्सेवक परिचालन ।

**५,६६८** घरधुरी जीविकोपार्जन तथा स्वास्थ्य कार्यक्रमबाट करिब २८,००० जना लाभान्वित ।

# १. शान्तिपूर्ण र समावेशी समाज प्रवर्द्धन

**कार्य क्षेत्र** : कास्की र नवलपरासी जिल्ला
**लक्षित वर्ग** : सीमान्तकृत समुदाय, महिला तथा बालबालिका

समुदायमा पछाडि पारेका वर्ग, लिङ्ग र समूहको सशक्तीकरण गरी समुदायमा रहेका सामाजिक समस्याहरूको न्यूनीकरण गर्दै यस कार्यक्रमले शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्नको लागि समुदायलाई सहयोग पुऱ्याउने गरेको छ । यस कार्यक्रम अन्तर्गत रहेका विभिन्न क्रियाकलापहरू स्वयम्–सहयोगी समूह र बाल क्लब गठन गरी उक्त समूहहरू मार्फत् सञ्चालन गर्ने गरिएको छ । यस कार्यक्रममा हाल ४१ वटा स्वयम्–सहयोगी समूहहरू सञ्चालित छन् जसमध्ये ३६ जनाले परिक्रमा कोषको परिचालन गरी आयमूलक व्यवसायहरू सञ्चालन गरिरहेका छन् । ६ वटा बाल क्लबहरूमा नियमित साप्ताहिक क्रियाकलाप सञ्चालन भइरहेको छ । २५ जना सदस्यहरूको एउटा बाल संरक्षण समिति गठन गरिएको छ । यसका अतिरिक्त बालश्रम विरुद्धको प्रतिबद्धताको अभियानमा ४२४ जनाले बालश्रम विरुद्धको प्रतिबद्धता जनाएका छन् ।

| क्रियाकलाप | सूचक | लक्ष्य | उपलब्धि |
|---|---|---|---|
| **कास्की** | | | |
| सामाजिक समस्याको पहिचान र सचेतना | लाभान्वित संख्या | ३०० | २९२ |
| मानव बेचबिखन विरुद्ध सचेतनामूलक कार्यक्रम | लाभान्वित संख्या | ५२५ | ६८१ |
| बाल संरक्षण समितिलाई तालिम | लाभान्वित संख्या | ६० | ५५ |
| मानव बेचबिखन विरुद्ध अन्तरक्रिया कार्यक्रम | लाभान्वित संख्या | ५० | ६१ |
| नेतृत्व विकास तथा व्यवस्थापन तालिम | लाभान्वित संख्या | २५० | १७५ |
| महिलाहरुका लागि सीपमूलक तालिम | लाभान्वित संख्या | ४० | ४० |
| साना व्यापार व्यवसाय व्यवस्थापन तालिम | लाभान्वित संख्या | ५० | ५० |
| बाल समूह/क्लबहरुद्वारा सामाजिक कार्यमा सहयोग कार्यक्रम | क्रियाकलाप संख्या | ४ | ४ |
| **नवलपरासी** | | | |
| नेतृत्व विकास तथा व्यवस्थापन तालिम | लाभान्वित संख्या | २५० | २९५ |
| महिलाहरुका लागि सीपमूलक तालिम | लाभान्वित संख्या | ४० | ४८ |
| साना व्यापार व्यवसाय व्यवस्थापन तालिम | लाभान्वित संख्या | ८० | ९० |

# अशिक्षाको तगारो हटाउँदै बाल क्लब




कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ७ सेती नदीको किनार अवस्थित प्रगति टोल एउटा सुकुम्बासी बस्ती हो, यहाँका मानिसहरूको मुख्य आम्दानीको स्रोत नै ज्यालामजदुरी हो । सामाजिक, आर्थिक रूपमा कमजोर मानिसहरूको बसोबास रहेको यो बस्तीमा मानव सूचकाङ्कका आधारभूत आवश्यकता पनि पूरा नभएको र शिक्षा तथा स्वास्थ्य चेतनामा पनि कमी रहेको अवस्था छ ।

यस्तै परिवेशमा हुर्कदै गरेका विशाल थापा मगर, बालबालिकाहरूको हितको लागि असल छिमेकी नेपालद्वारा सञ्चालित प्रगति एकता बाल क्लबमा एउटा सक्रिय सदस्य हुन् । उनले क्लबको कार्य समितिमा सचिवको रूपमा पनि काम गरे । उनलाई गीत गाउन, नाच्न अनि अभिनय गर्न एकदम मन पर्ने भएकोले उनी क्लबमा हरेक हप्ता हुने क्रियाकलापमा नियमित रूपमा सक्रिय सहभागी हुन्थे । विशाल बाल क्लब आउन छोडेपछि बाल क्लबका सहजकर्ताले उनीसँग भेटेर कुरा गरे । त्यसपछि परिवारको कमजोर आर्थिक अवस्थाको कारण पढाइ खर्च जुटाउन गाह्रो भएकाले विद्यालय जान छाडेको कुरा थाहा भयो ।

बाल क्लबका सहजकर्ताले विशाललाई पारिवारिक अवस्थाको बारेमा विद्यालयलाई जानकारी गराई छात्रवृत्तिको लागि विद्यालयलाई अनुरोध गर्ने प्रोत्साहन दिएपछि, उनले विद्यालयमा आफ्नो कुरा राखे । फलस्वरूप विद्यालयले उनलाई छात्रवृत्ति प्रदान गर्ने भयो । त्यसपछि विशाल एकदम खुसी र अझ बढी उत्साहको साथमा विद्यालय जान सुरु गरे । फेरि विद्यालय जान थालेपछि, बाल क्लब पनि आउन थाले । अहिले विशाल बाल क्लबको अध्यक्षको रूपमा आफ्नो जिम्मेवारी पूरा गर्नुको साथै आफ्नो पढाइ र विद्यालयको अन्य गतिविधिहरूमा पनि उत्कृष्ट प्रदर्शन देखाउँदै आइरहेका छन् । बाल क्लबद्वारा आयोजित मानव बेचबिखन विरुद्धको सचेतनामूलक कार्यक्रममा उनको सक्रिय सहभागिता रहेको छ । विशाल आफू पनि नियमित बाल क्लबमा सहभागी हुन्छन् र अरू साथीहरूलाई पनि सहभागिताको लागि उत्साह दिन्छन् । विशाल भन्छन्, “बाल क्लबबाट धेरै कुरा सिक्ने मौका मिलेको छ । विशेष गरी बाल अधिकार, बाल शोषण अनि मानव बेचबिखन बारे ज्ञान पाएको छु । म यी कुराहरूमा सचेत भएको छु र अरूलाई पनि सचेत गराउने छु । बाल क्लबकै उत्साहले मैले आफ्नो पढाइलाई अगाडि बढाउन सके त्यसैले यस ठाउँमा बाल क्लब गठन गरिदिने असल छिमेकी नेपालप्रति धन्यवादी छु र म धेरै खुसी छु ।”

## २.समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा

**कार्य क्षेत्र** : कास्की र नवलपरासी जिल्ला
**लक्षित वर्ग** : सीमान्तकृत समुदाय, महिला तथा युवा

युवा तथा प्रौढहरूलाई प्राविधिक तथा व्यावसायिक सीपहरू प्रदान गरी रोजगारी तथा उद्यमशिलता बृद्धि गर्ने र प्रौढहरूलाई साक्षरता र गणितीय सीप प्रदान गरी गुणस्तरीय जीवन जिउन सहयोग गर्ने लक्ष्य यस कार्यक्रमको रहेको छ ।


| क्रियाकलाप | सूचक | कास्की | | नवलपरासी | |
|---|---|---|---|---|---|
| | | लक्ष्य | उपलब्धि | लक्ष्य | उपलब्धि |
| निरन्तर शिक्षा : शिक्षक तालिम | लाभान्वित संख्या | १० | १४ | १५ | १९ |
| निरन्तर कक्षा : कक्षा सञ्चालन | क्रियाकलाप संख्या | २ | २ | ९ | ९ |
| | लाभान्वित संख्या | ४० | ४० | १८० | १८० |
| युवाहरुका लागि सीपमूलक तालिम (कमर्सियल कुकिङ्ग, ब्युटिसियन, इलेक्ट्रिसियन ) | लाभान्वित संख्या | ६ | ८ | १५ | १५ |

## पढ्ने लेख्ने अवसर

भगवती भुर्तेल ५८ वर्षको हुनुभयो । उहाँको जन्म सुइखेत, कास्कीमा भएको हो । भगवती १० वर्षको हुँदा उहाँको बुवा बित्नुभएको थियो भने त्यसको वर्ष दिन मै आमा पनि बित्नुभयो । त्यसपछि परिवार र सानो भाइको जिम्मा उहाँमाथि आइपऱ्यो । उहाँ भन्नुहुन्छ, "मलाई ५ वर्षको उमेरदेखि नै धेरै पढ्न मन थियो तर पारिवारिक परिस्थितिले गर्दा मैले भने पढ्न पाइन । मैले भाइलाई चाहिँ एस.एल.सी. पास गराएँ । विवाह गर्ने इच्छा थिएन तर दिदीले ढाँटेर मेरो विवाह गरिदिनुभयो ।"

विवाह पछि भगवतीले डोके व्यापार सुरु गर्नुभयो । यही व्यापारबाट नै उहाँले आफ्ना छोराछोरीलाई १२ कक्षासम्म पढाउनुभयो । उहाँ भन्नुहुन्छ, "मैले १५ वर्ष जति डोके व्यापार गरें र अहिले म त्यो काम छोडेर असल छिमेकी नेपालको निरन्तर शिक्षा कक्षामा पढ्न आएकी छु । मैले मेरो बाल्यकाल देखिको पढ्ने इच्छा पूरा गर्ने मौका पाएँ । मैले चार महिनाको निरन्तर कक्षा सिध्याएँ र आज म आफ्नो फोन नम्बर भन्न सक्ने र अरूको नम्बर पनि लेखेर टिप्न सक्ने भएकी छु । मैले क देखि ज्ञ, 1 to 100, A to Z, १ देखि १०० भन्न, लेख्न र अङ्ग्रेजीमा आफ्नो नाम, आफ्नो देशको र ठाउँको नाम लेख्न सक्ने भएकी छु । यस कक्षामा सहभागी भएपछि समाजसँगको सम्बन्धमा वृद्धि भएको छ । एक–अर्कालाई आदर गर्ने भावनाको विकास भएको छ । अहिले परिवारमा साना नातिनातिनीहरूलाई क, ख, ग, A B C र 1 2 3 सिकाउन सक्ने भएकी छु । निरन्तर शिक्षामा सहभागी भएपछि अरू तालिमहरुमा पनि सहभागी हुने मौका पाएकी छु । हामीलाई पढाउने मेडम र असल छिमेकी नेपाललाई धेरै धन्यवाद ।"

चार महिनाको निरन्तर कक्षापछिको परीक्षामा भगवतीले प्रथम भएर पुरस्कार पनि पाउनुभयो । उहाँ भन्नुहुन्छ, "मेरो छोराले त्यस क्षणलाई फेसबुकमा राखेका थिए । मलाई देश–विदेशबाट आफन्तहरूले बधाई दिँदा ज्यादै खुसी लागेको छ ।"



# ३.स्वस्थ तथा समृद्ध जीवन

**कार्य क्षेत्र** : कास्की र नवलपरासी जिल्ला
**लक्षित वर्ग** : सीमान्तकृत समुदाय र महिला

स्वास्थ जीवन सुनिश्चित गर्नका लागि असल छिमेकी नेपालद्वारा सञ्चालित यस कार्यक्रमले समुदाय र समूहहरुको आवश्यकता र माग अनुसार विभिन्न स्वास्थ्य सचेतना (विशेष महिला स्वास्थ्य), सरसफाइ सम्बन्धी सचेतना, सुरक्षित खानेपानी र शौचालयको प्रबर्द्धन र लागूऔषध अनि रक्सीको कुलतमा फसेकाहरुको लागि उपचार तथा पुनर्स्थापना साथै यसको रोकथामका लागि विभिन्न जनचेतानामूलक क्रियाकलापहरु गर्ने गरिएको छ ।

| क्रियाकलाप | सूचक | लक्ष्य | उपलब्धि |
|---|---|---|---|
| **कास्की** | | | |
| स्वास्थ्य सचेतना – सुरक्षित मातृत्व (पोषण र पूर्व तयारी) | लाभान्वित संख्या | ३०० | ३९१ |
| स्वास्थ्य बिमासम्वन्धी सचेतना | लाभान्वित संख्या | १२५ | १३२ |
| **नवलपरासी** | | | |
| खानेपानी योजना : मर्मत/सुधार | क्रियाकलाप संख्या | ३३ | ३३ |
| | लाभान्वित संख्या | २९७ | ३२२ |
| शौचालय योजना : मर्मत /सुधार | क्रियाकलाप संख्या | ३० | ३० |
| | लाभान्वित संख्या | १५० | १५६ |
| सरसफाइसम्बन्धी सचेतना | लाभान्वित संख्या | ७५० | ७६६ |
| सरसफाइ शिविर (WASH Camp) | लाभान्वित संख्या | ३०० | ३५० |



# सुरक्षित मातृत्वको लागि पूर्वतयारी शिक्षा

सोनु थापा मगर (३३ वर्ष) मसिना बगर, हेमजा, पोखरा २५ मा सेती खोलाको किनारमा बस्नुहुन्छ । सोनु जस्तै त्यहाँका बासिन्दाहरू बर्खाको बेलामा दिनभरि बालुवा झिकेर बेच्ने काम गर्दछन् । यही नै उनीहरूको आम्दानीको स्रोत रहेको छ । सोनुको परिवारमा श्रीमान्, सासु, २ जना छोरी, १ जना छोरा र आफू गरी जम्मा ६ जना छन् । उहाँका श्रीमान् रोजगारको लागि विदेशमा काम गर्नुहुन्छ ।

असल छिमेकी नेपालले सुरक्षित मातृत्वको लागि पूर्वतयारी विषयमा राखिएको कक्षामा सोनु पनि सहभागी हुनुभएको थियो । त्यतिबेला उहाँ गर्भवती हुनुहुन्थ्यो । त्यस कक्षामा बस्नुभन्दा अगाडि उहाँका दुईवटा बच्चा भइसकेका थिए ।

सोनु भन्नुहुन्छ, "त्यस कक्षामा स्वास्थ्य बिमा, स्वास्थ्य सरसफाइ र गर्भवती र सुत्केरीको लागि तयारी बारेमा के कसो गर्ने भनेर शिक्षा दिइएको थियो । त्यो सुझाव पाएपछि मैले आफ्नो सुत्केरी अवस्थामा चाहिने खर्च र बच्चाहरूको लागि भनेर पैसा बचत गर्न थालेँ । मेरो नर्मल डेलिभरी नभई अप्रेसन गर्नुपर्ने भयो । त्यतिबेला अलि बढी खर्च हुने भयो । मैले पैसा बचत गरेको काम लाग्यो । यसले मलाई र मेरो परिवारलाई निकै सजिलो भयो । त्यही बचत गरेको पैसाबाट मेरो र बच्चाको समेत राम्रोसँग उपचार हुन सक्यो । यसको साथै सुत्केरीको अवस्थमा के खाने के नखाने भनेर पनि उहाँहरूले सिकाउनुभएको थियो । बच्चा कसरी हुर्काउने, सुत्केरी अवस्थाको रहनसहन, खानपान र सरसफाइमा मैले निकै ध्यान पुऱ्याएँ । मेरो बच्चा र म अहिले स्वस्थ छौँ । असल छिमेकी नेपालले दिएको सुझावले मलाई पहिलाका बच्चाहरू जन्मिदा जस्तो गाह्रो भएन । राम्रो शिक्षा पाएको हुनाले शिक्षित भएको महसुस भयो । असल छिमेकी नेपाललाई धेरै धन्यवाद भन्न चाहन्छु ।"

## अब्बल दिदीबहिनीहरू

वर्षेनि फागुनदेखि जेष्ठ महिनासम्म मध्यविन्दु १ सेतापानी टोल नं. १, नवलपरासीमा ४–५ गाग्री पानी भर्दा नै इनारमा पानी सकिन्छ । जसको कारणले दिदीबहिनीहरूले दैनिक जसो खानेपानी जोहो नगरेसम्म चुलोमा खाना पाक्दैन । पानी भर्नका लागि घरको एक जनाले जिम्मा लिने पर्छ । जसको घरमा पानी भर्ने मान्छे छ, उसको घरमा बिहानै इनारबाट पानी आउँछ तर जसको घरमा पानी भर्ने जिम्मेवार मान्छे छैन, उसले आधा घण्टा समय खर्चेर पँधेरोमा पानी भर्न जानुपर्छ ।

उन्नति समूहकी सदस्य गीता पुलामी भन्छिन्, "असल छिमेकी नेपालले पल्लो टोलमा समूह गठन गरी खानेपानी निर्माण गरेको थाहा पाएपछि हामी पनि समूह गठन गरौँ भनेर दिदीबहिनीहरू मिलेर 'श्री उन्नति समूह' गठन गऱ्यौँ र असल छिमेकी नेपालसँग खानेपानी माग गऱ्यौँ । खाने पानीका लागि इनार त माग गरियो तर घरका दाजुभाइ सबै विदेश र घरमा हुनेहरू सबै अन्य ठाउँमा काममा जानुपर्ने भएकाले इनार खन्ने मान्छे भएन । कति दाजुभाइको मुख मात्र हेरेर समस्या बोक्दै बस्ने सबै दिदीबहिनीहरू मिलेर हामी नै इनार खनौँ भनेर सल्लाह गऱ्यौं र कसैले खन्ने कसैले माटो निकाल्ने गरेर, हामीले ४० फिटको गहिरो खाल्डो खन्यौं र पानी निकालेरै छाड्यौं ।"

उन्नति समूहकी सदस्य टीका थनेत भन्छिन्, "दाजुभाइ पर्खेको भए इनार बन्ने थिएन । सबै मिलेपछि सकिँदो रहेछ । अहिले त सबै जना खुसी भएर पानी भर्न जान्छौँ । इनारमा पानी राम्रो अनि मीठो आएको छ । घर नजिकै, जतिबेला, जति पनि पानी भर्न पाएका छौँ । पहिला पानी नपाउँदा दुःखी हुने र झैझगडा हुन्थ्यो । अहिले सबैमा मेलमिलाप अनि एक–अर्कोलाई सहयोग गर्ने बानीको विकास भएको छ ।"



उन्नति समूहकी सहजकर्ता देउकुमारी महतो भन्छिन्, "खानेपानी निर्माणको स्वार्थका लागि समूह गठन गरेको तर असल छिमेकी नेपालबाट निरन्तर समूहमा आएर सिकाउनाले समुदाय विकासको काम दाजुभाइले मात्र गर्ने भनेर सोच्ने दिदीबहिनीहरू अहिले आफैँ नै सबै समुदायको विकासको कामहरू गर्न थालेका छन् ।"

# नवजीवन (लागूपदार्थ तथा रक्सी प्रयोगकर्ता महिलाहरूका लागि उपचार तथा पुनर्स्थापना कार्यक्रम)

**कार्य क्षेत्र** : कास्की जिल्ला (नेपालभरिका लागि)

**लक्षित वर्ग** : लागूऔषध तथा रक्सी प्रयोगकर्ता महिलाहरू र उनीहरूका परिवार, समुदाय, विद्यालय

नवजीवन उपचार तथा पुनर्स्थापना कार्यक्रम लागूपदार्थ तथा रक्सी प्रयोगकर्ता महिलाहरूको उपचार तथा पुनर्स्थापनाका लागि सञ्चालित कार्यक्रम हो । वि. सं. २०६१ सालदेखि सुरू भएर हालसम्म यस कार्यक्रमले सेवा प्रदान गरिरहेको छ । उपचारको लागि महिलाहरू नेपालको जुनसुकै जिल्लाबाट र बाहिरबाट पनि आउन सक्नुहुन्छ र उपचार सेवा लिन सक्नुहुन्छ । उपचार केन्द्रबाट हालसम्म १७२ जनाले भर्ना भएर सेवा लिएका छन् र ११३ जनाले उपचारपछि परिवार र समाजमा सामान्य बिताउन सक्ने भएका छन् । उपचारपछि सेवाग्राहीहरूको क्षमतामा, अन्तरव्यक्ति सम्बन्धमा र आत्मबलमा वृद्धि भएको छ, जसले गर्दा उनीहरूले आफ्नो पढाइ, रोजगार, व्यवसाय र पारिवारिक जिम्मेवारी सफलतापूर्वक लिने गरेका छन् । परिवारहरू पनि आफ्ना छोरी, श्रीमती र आमा नशाको दलदलमा फस्नुको कारणलाई राम्ररी बुझेर आवश्यक सहयोग र परामर्श लिन चाहन्छन्, साथै दीर्घकालीन असरहरू कम गर्न उनीहरूको भविष्य निर्माणमा सचेत भएका छन् ।

| कार्यक्रम | उपलब्धि | कार्यक्रम | उपलब्धि |
|---|---|---|---|
| आवासीय कार्यक्रम | | बाह्य सम्पर्क | |
| सेवाग्राही भर्ना | ३० | बाह्य सम्पर्कमा भेटिएका नयाँ र पुराना सेवाग्राहीहरूलाई अनुगमन र परामर्श | १८४ |
| ३ महिना उपचार आवधि पूरा गर्नेहरू | १४ | पारिवारिक भेटघाट, परामर्श र बैठक | २१३ |
| पुनर्स्थापित भएका सेवाग्राही | २२ | सेवाग्राहीरूसँग भेटघाट कार्यक्रम | ५१ |
| सेवाग्राही अवलोकन भ्रमण | ३० | किशोर–किशोरीहरूलाई लागूऔषध जनचेतना कक्षा | ३७४ |
| पुनर्स्थापित सेवाग्राहीलाई रोजगार | ३ | समुदायका आमा समूह, बाल क्लब, सङ्घसंस्थाका महिलाहरूल( ाई लागूऔषध सचेतना कक्षा | ३३२ |
| सेवाग्राहीहरूलाई प्रौढ शिक्षा तथा पढ्नको लागि सहयोग | १२ | समुदायका महिलाहरूसँग लागूऔषधसम्बन्धी अन्तरक्रिया तथा बैठक | १२२ |
| स्वास्थ्य जाँच | ४४२ | अल्कोहल एनोनिमस बैठक सेवाग्राहीहरूको लागि | ३५ |
| मनोसामाजिक परामर्श | ३८० | नवलपरासीमा बाह्य सम्पर्क भेटघाट र परामर्श | ६२ |
| हस्तकला तथा सीप सिकाइ | २६२ | नवलपरासीमा लागूऔषध सचेतना शिक्षा किशोर–किशोरी र महिला समुहहरूलाई | ४७२ |
| शैक्षिक कक्षा | १७५ | | |
| सेवाग्राहीका बालबालिकालाई विद्यालयको लागि सहयोग | ९ | | |

# जीवन जिउने उत्साह पाएको छु

मेरो नाम स्मारिका परियार (नाम परिवर्तन) हो र मेरो उमेर १८ अनि म पोखरा–९, कास्कीमा बस्छु । परिवारमा सात जना सदस्यहरू हुनुहुन्छ । मेरो बाबाले घर बनाउने काम गर्नुहुन्थ्यो तर पछि वैदेशिक रोजगारको लागि कतारमा जानुभयो । आमा कहिलेकाहीँ ज्यामी काम पनि गर्नुहुन्छ । मैले आठ कक्षापछि पढाइ छोडेर काम गर्न थालेँ । यस्तैमा मैले साथीहरूबाट चुरोट खान सिकेँ । म बस्ने समुदायमा पनि धेरैले रक्सी खाने, तास खेल्ने गर्नुहुन्थ्यो, त्यसकारण चुरोट खानु सामान्य लागेको थियो । परिवारले यो कुरा थाहा पाएपछि मलाई काममा जान दिनुभएन । काममा जान नदिएपछि रिसले गर्दा मसँग भएको पैसाले गाँजा, रक्सी, नाइट्रोजन, ट्रामाडोल औषधीहरू किनेर खाएँ । पछि पनि मलाई औषधी र रक्सी किन्नको लागि गाह्रो भएन, किनभने साथीहरूले ल्याइदिन्थे । यसरी म कुलतमा फस्दै गइरहेकी थिएँ । एक पटक, तीन दिनसम्म घरमा नआई साथीहरूकोमा बसेपछि, घरमा आउँदा दाइहरूले मलाई धेरै पिट्नुभयो र बाहिर घुम्न, डुल्न जान नसकोस् भनेर कपाल मुडुलो पारिदिनुभयो । यस प्रकारले मेरो परिवारसँग राम्रो सम्बन्ध थिएन ।

मेरो परिवारले एक जना छिमेकी मार्फत नवजीवन (लागूपदार्थ तथा रक्सी प्रयोगकर्ता महिलाहरूको लागि उपचार तथा पुनर्स्थापना कार्यक्रम) केन्द्रको बारेमा थाहा पाउनुभयो र मलाई उपचारको लागि उक्त केन्द्रमा भर्ना गरिदिनुभयो । सबै नयाँ मान्छे, सुरुमा मलाई गाह्रो भएको थियो । लागूऔषध के ही पनि खान नपाइने । धेरै पटक चुरोटको एकदम तलतल लाग्थ्यो । पछि बिस्तारै बानी हुँदै गयो । त्यसपछि, मलाई पनि रमाइलो लाग्न थाल्यो । म जस्तै अरू साथीहरू, आमाहरू पनि हुनुहुन्थ्यो, उहाँहरूले पनि र म्रो हुनुपर्छ भन्नुहुन्थ्यो । म उपचार केन्द्रका सबै क्रियाकलापमा सहभागी हुने, कक्षाहरू लिने, परामर्श लिने, ग्रुप मिटिङ्गमा आफ्ना कुराहरू बाँड्ने गर्थे । बेला–बेलामा स्वास्थ्य परीक्षण गर्नुहुन्थ्यो । परामर्श कक्षामा मेरो नराम्रो स्वभाव छोड्नको लागि उत्साह दिनुभयो । मैले आफ्नो नराम्रो स्वभाव चिन्न सकेँ । उपचार केन्द्रबाट व्यावहारिक काम, हस्तकला तथा तीन महिने सिलाइकटाइको तालिम पनि लिएँ । नवजीवन कार्यक्रमबाट मैले नशा छोड्ने मात्र नभएर मेरो कक्षा आठ र नौ को पढाइको लागि सहयोग पनि पाएँ । मेरो परिवारले मेरो उपचारको लागि पूरा शुल्क तिर्न नसक्दा पनि असल छिमेक नेपालले नै मलाई सहयोग गऱ्यो । मेरो परिवार लाई पनि परामर्श, सल्लाह र जानकारी दिनुभयो, जसको कारणले म परिवारसँग फेरि नजिक भएकी छु ।

मैले दुई वर्ष नशारहित जीवन बिताउन सफल भएकी छु । म अहिले गेष्टहाउसमा काम गर्दै परिवारलाई आर्थिक रूपमा पनि सहयोग गर्दै आइरहेकी छु । भविष्यमा अझ राम्रो काम गर्दै जाने इच्छा छ । मलाई नशा छोड्न सघाउनुभएकोमा र जीवन जिउने उत्साह दिनुभएकोमा असल छिमेकी नेपाल र नवजीवन परिवारलाई धेरै धन्यवाद भन्दछु ।



## ४. सुरक्षित तथा दिगो समुदायको निर्माणमा सहयोग

**कार्य क्षेत्र** : कास्की र नवलपरासी जिल्ला
**लक्षित वर्ग** : सीमान्तकृत समुदाय र महिला

विपद्बाट हुने जोखिमहरूको न्यूनीकरणका लागि समुदायलाई सचेत गराउँदै उनीहरूको सहभागितामा विपद् न्यूनीकरण र व्यवस्थापनका उपायहरू अपनाउँदै दिगो समुदायको निमार्णमा सहयोग पुऱ्याउनु यस कार्यक्रमको मुख्य लक्ष्य रहेको छ । यसका अतिरिक्त स्वास्थ्य सेवाको पहुँचबाट टाढा भएका विपन्न तथा सीमान्तकृत समुदायका महिलाहरूलाई लक्षित गरेर निःशुल्क महिला स्वास्थ्य शिविरको पनि आयोजना गरी महिलाहरूको स्वास्थ्यमा सुधारका साथै उनीहरूलाई आवश्यक स्वास्थ्य परामर्श पनि प्रदान गर्ने गरिएको छ ।

| क्रियाकलाप | सूचक | कास्की | | नवलपरासी | |
|---|---|---|---|---|---|
| | | लक्ष्य | उपलब्धि | लक्ष्य | उपलब्धि |
| विपद् जोखिम न्यूनीकरण तालिम | लाभान्वित संख्या | २०० | २१५ | २०० | ३२५ |
| विपद् प्रभावितहरूलाई राहत वितरण | लाभान्वित संख्या | ५० | ७५ | – | – |
| विपद् प्रभावितहरूलाई खानेपानी शुद्धिकरणका सामग्री वितरण | लाभान्वित संख्या | १२५ | २५० | – | – |
| महिला स्वास्थ्य शिविर | लाभान्वित संख्या | ४०० | ४३४ | ४०० | ५२१ |
| आघात व्यवस्थापन | लाभान्वित संख्या | २०० | २२६ | २०० | २१० |
| अवलोकन भ्रमण | लाभान्वित संख्या | २० | – | २५ | ३२ |
| स्वयम्-सेवक परिचालन | लाभान्वित संख्या | १०० | १५० | २५ | १५ |

# हावाहुरी प्रभावितहरुलाई सहयोग कार्यक्रम, बारा–पर्सा

**कार्य क्षेत्र** : बारा र पर्सा जिल्ला
**लक्षित वर्ग** : हावाहुरीबाट प्रभावित समुदाय

२०७५ चैत्र १७ गते आइतबार आएको वर्षासहितको विनाशकारी हावाहुरीले बारा र पर्सा जिल्लाका केही गाउँहरू तहसनहस हुन पुगे । उक्त हावाहुरीमा २७ जनाको ज्यान गएको थियो भने ४५० जना घाइते भएका थिए र लगभग २,५०० घरधुरी प्रभावित भएका थिए । असल छिमेकी नेपाल र पोखरेली ख्रीष्टिय समुदायले प्रभावित क्षेत्रको अनुगमनको क्रममा बारा जिल्लाको सुवर्ण गाउँपालिकाको गाउँमा पकाएर खानको लागि इन्धन वा दाउराको अभावमा रहेका परिवारहरूलाई ग्याससचुलो सिलिन्डर र राहत वितरणमा छुटेका केही दलित परिवारहरूलाई तत्कालीन राहत स्वरूप खाद्यान्न, गैर–खाद्य वस्तु, ग्यास–चुलो र सिलिन्डर, स्वरूप वितरण गरिएको थियो । राहत सामग्री वितरणपछि विद्यालय शिक्षक तथा अभिभावकहरूलाई आघात न्यूनीकरण सम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रम, गर्भवती तथा सुत्केरी महिलाहरूलाई शिशु किट र पोषणयुक्त खाद्य वस्तु र विद्यार्थीहरूलाई विद्यालय पोशाक वितरण र ४५ दिनको बालमैत्री कक्षाहरू सञ्चालन गरिएको थियो ।

ग्याससचुलो र सिलिन्डर **११२**

अभिभावकहरूलाई आघात न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम **३१८**

खाद्य तथा गैर–खाद्य वस्तु र ग्याससचुलो र सिलिन्डर **५**

गर्भवती तथा सुत्केरी महिलाहरूलाई शिशु किट र पोषणयुक्त खाद्य वस्तु **३०२**

विधार्थीहरूलाई विद्यालय पोशाक **५५४**

शिक्षकहरूलाई आघात न्यूनीकरण तालिम (दुई दिनको) **२५**

बालमैत्री कक्षा (४५ दिनको ) **४३३**

# ५. विपद् प्रतिकार्य सहयोग कार्यक्रम (**DRAP**)

## ५.१ व्यक्तिगत आवास पुनर्निर्माण सहायता परियोजना

**कार्य क्षेत्र** : गोरखा जिल्ला

**लक्षित वर्ग** : भूकम्पबाट प्रभावित समुदाय

२०७२ को भूकम्पले गोरखा जिल्लामा ६०,००० भन्दा बढी व्यक्तिगत आवासका घरहरु पूर्ण रुपमा क्षतिग्रस्त हुन पुगे । गोरखा जिल्लाको गण्डकी गाँउपालिका वडा नं १ मकैसिङ्ग, वडा नं ७ र ८ घ्यालचोक, वडा नं ६ भुम्लिचोक र सिरानचोक गाउँपालिका वडा नं ८ श्रीनाथकोटमा सीमान्तकृत समुदाय तथा जोखिममा रहेका (एकल महिला/पुरुष, वृद्ध, अशक्त असहाय तथा विपन्न) घरपरिवारहरूको आवास पुनर्निर्माण **"व्यक्तिगत आवास पुनर्निर्माण सहायता परियोजना"** सम्पन्न भएको छ । यस अन्तर्गत र ाष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यविधि, सम्बन्धित वडाको सिफारिस र गाँउपालिकाको प्रमाणीकरणका आधारमा लाभग्राही छनौट गरी आवास पुनर्निर्माण कार्य अगाडि बढेको थियो । यस कार्यक्रममा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यविधि र अनुमति अनुसार प्रति घरधुरीलाई रु ६०,०००/– बराबरको निर्माण सामग्रीहरु (सिमेन्ट, रड, जस्तापाता, प्लेन पाता), रु १०,५००/– बराबरको ढुवानी र खाद्यान्न सहायता निर्माणको चरणमा उपलब्ध गराईएको थियो । यसैगरी निर्माण सामग्री बाहेक संस्थाले हरेक वडामा एकजना इन्जिनियर र सामाजिक परिचालक राखी आवश्यक प्राविधिक तथा सामाजिक परामर्श उपलब्ध गराई, समयमा नै घर पुनर्निर्माण कार्य सम्पन्न गर्न थप सहयोग गरिएको थियो । दक्ष जनशक्तिको अभाव, निर्माणको चाप, निर्माण सामग्रीको अभाव, बर्षात्को मौसम, कठिन र फिँजिएको भौगोलिक अवस्था, लामो र कच्ची सडक जस्ता चुनौतीहरूको सामना गर्नुपरेको थियो । माथिका चुनौतीतहरूको बावजुद सबै पक्षको अथक प्रयासले समयमा नै परियोजना समापन गरी २७५ घरपरिवारलाई सुरक्षित वासस्थान उपलब्ध गराई हस्तान्तरण गरिएको छ ।



**५० घर**
सिरानचोक गाउँपालिका ७, श्रीनाथकोट सिम्ले

**२७५**

**५० घर**
गण्डकी गाउँपालिका ७ र ८, घ्यालचोक

**५० घर**
गण्डकी गाउँपालिका १, मकैसिङ्ग

**२५ घर**
थप घरहरू

**१०० घर**
गण्डकी गाउँपालिका ६, भुम्लिचोक





# अब मेरो परिवारले डरमा र भिजेर बस्नु पर्नेछैन

मेरो नाम बुद्धबहादुर गुरूङ हो । म गोरखा जिल्ला गण्डकी गाउँपालिका १ मकसिङ्गमा बस्छु । मेलै मेरो पढाइ राम्रो हुँदाहुँदै पनि आवश्यक शैक्षिक सामग्रीहरु जुटाउन नसक्दा बीचमा नै पढाइ छोड्नु पऱ्यो । केही कुरा नबुझिकन विदेश (कतार) गएँ, तर मलाई धोका भयो र केही समय पश्चात् खाली हात घर फर्कें । देशको विभिन्न ठाउँहरूमा मजदुरी गरेर जीविकोपार्जन गर्दै छु । मेरो जहानले केही बाख्राहरू पाल्छिन् । यस्तो गाह्रो अवस्थामा, मेरी सानी छोरीलाई आई.सि.यू मा भर्ना गर्नुपऱ्यो । लगत्तै फेरि उनको हात भाँचिएर अस्पतालमा जानुपऱ्यो । म आफैंलाई पनि दमको समस्या छ ।

२०७२ को भूकम्पले भएको घर पनि भत्काइदियो र बस्ने बास पनि खोस्यो । त्यसपछि हामी जस्ताले बारेको सानो झुपडीमा बस्न थाल्यौं । धेरै पटक हाम्रो सानो झुपडीमा सर्पहरू आउँथे, एकदिन त मेरी छोरी सुतिरहेको अवस्थामा सर्प एकदमै नजिकै आएको थियो, भाग्यवश केही गर्न पाएन । त्यस दिनदेखि, म मेरो परिवारको लागि एकदमै चिन्तित थिएँ र उनीहरूलाई सुरक्षित घरमा सार्न चाहन्थे तर मेरो लागि त्यो सपना जस्तै थियो । मैले मेरो बुवाआमा र भाइलाई सहयोगको लागि गुहारेको थिएँ, तर उनीहरुका पनि आफ्नै समस्याहरु थिए । मैले घर बनाउनको लागि धेरै प्रयास गरेको थिएँ तर सफल हुन सकिरहेको थिइन । वर्सातको समय सुरु हुन लागेकोले मेरो परिवारलाई कसरी सुरक्षित र ओबानो ठाउँमा राख्ने भन्ने चिन्ताले मलाई सताईराखेको बेला असल छिमेकी नेपालबाट कर्मचारीहरू आएर, म छनौटको लागि योग्य भएदेखि सहायता गर्न सकिने कुरा गर्नुभयो । म छनौट पनि हुन सकें । आज असल छिमेकी नेपालको सहायताले गर्दा मैले समयमा नै घर बनाउन सकें र सरकारबाट पाउनुपर्ने सबै रकमहरु पाउन पनि धेरै सजिलो भयो । मैले मेरो परिवार सुरक्षित घरमा सार्न सफल भएँ । अब मेरो परिवारलाई पानी पर्दा भिज्ने र अन्य डरमा बस्नुपर्ने छैन । असल छिमेकी नेपाललाई सहयोगको लागि धेरै धन्यवाद भन्न चाहन्छु ।

## ५.२ जीविकोपार्जन तथा स्वास्थ्य कार्यक्रम

**कार्य क्षेत्र** : गोरखा जिल्ला
**लक्षित वर्ग** : भूकम्पबाट प्रभावित समुदाय

गोरखा भूकम्प २०७२ बाट प्रभावित स्थानीय समुदायहरूको जीवनस्तरमा सुधार गर्ने उद्देश्यले सुरू गरिएको परियोजना, यस आर्थिक वर्ष २०७५/०७६ मा पनि सम्बन्धित समुदायलाई सेवा दिन सफल भएको छ । यस कार्यक्रमले गोरखा जिल्लाको सिरानचोक गाउँपालिका वडा नं ७–श्रीनाथकोट तथा गण्डकी गाउँपालिकाका वडा नं १–मकैसिङ्ग, वडा नं ६–भुम्लिचोक, वडा नं ७ र ८–घ्यालचोक गोरखामा समुदायको आवश्यकतामा आधारित जीविकोपार्जनको क्षेत्रमा विभिन्न सीपमूलक तालिमहरू प्रदान गरिएको छ । जसअन्तर्गत नगदेबाली तालिम र बीउबिजन वितरण, आधुनिक मौरीपालन तालिम र मौरी घारहरू वितरण, ग्रामीण महिला स्वास्थ्य स्वयम्सेविका तालिम, निःशुल्क पशु स्वास्थ्य शिविर, निःशुल्क मानव स्वास्थ्य शिविर जस्ता कार्यक्रमहरू सञ्चालन गरि एका छन् । यस आर्थिक वर्ष २०७५/०७६ मा जीविकोपार्जन तथा स्वास्थ्यको कार्यक्रमबाट २,२८६ घर परिवारहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् ।

| क्रियाकलाप | लक्ष्य | उपलब्धी |
|---|---|---|
| हाउस वाईरिङ्ग तालिम | ५० व्यक्ति | ५५ व्यक्ति |
| प्लम्बिङ्ग तालिम | १० व्यक्ति | १३ व्यक्ति |
| मौरीपालन तालिम तथा मौरीघार वितरण | १०० घरधुरी | १०० घरधुरी |
| नगदेबालि तालिम तथा विउविजन वितरण | १२० घरधुरी | १४५ घरधुरी |
| महिला तथा बालबालिक स्वास्थ्य शिविर | ८०० व्यक्ति | १,२६६ व्यक्ति |
| ग्रामिण महिला स्वास्थ्य स्वयंसेविका तालिम | २७ व्यक्ति | २४ व्यक्ति |
| पशु स्वास्थ्य शिविर | ७००० पशु चौपाया/६०० घरधुरी | ८९६८ पशु चौपाया/६८३ घरधुरी |

# आफ्नै खुट्टामा उभिन सक्ने भएँ

२७ वर्षीय सन्जीव रेग्मी गोरखा जिल्लामा बस्छन् । उनको परिवारमा चार सदस्य छन् । परिवारको आम्दानीको मुख्य स्रोत खेती–किसानी नै हो । वर्षभरिको उब्जनीले ६ महिना मात्र खान पुग्छ । यसकारण बुवाले ज्यालादारी काम गर्नुहुन्छ । परिवारको जेठो छोरो भएकाले, १२ पास भएपछि जागिर गरेर परिवारलाई आर्थिक रूपमा सहायता गर्न सकिन्छ भन्ने विश्वास थियो । तर विडम्बना, उनले कतै काम पाउन सकेनन् । त्यसपछि, उनलाई लाग्यो, केही सीप भएको भए कतै न कतै काम पाइहालिन्थ्यो । सीप सिक्नको लागि कुनै अवसर थिएन । यसरी घरमा नै **बुवा**आमालाई सघाएर बसिरहेका थिए सन्जीव ।

भनिन्छ, इच्छा भएपछि भगवान्ले पनि जुटाउँछन् । त्यस्तै एक दिन वडा कार्यालयबाट असल छिमेकी नेपालले एक महिने हाउस वाइरिङ तालिम दिँदै छ र त्यसको लागि वडा कार्यालयबाट सूचना आएको छ भन्ने खबर पाएपछि उनले तालिममा सहभागिताको लागि निवेदन दिए र छनोट पनि भए । उनले एक महिने हाउस वाइरिङ तालिम लिएपछि, CTEVT बाट हाउस वाइरिङमा 'ए' तहको परीक्षा पनि पास गरे । त्यसपछि अब काम पाइन्छ भनेर उनी विश्वस्त थिए । उनले सोचे जस्तै घर नजिकको बिजुली पसलबाट काम गर्नको लागि बोलाइयो । २०७२ को भूकम्पपछि पुनर्निर्माण गरेको आफ्नो घरको सम्पूर्ण बिजुलीको काम आफैँ गरेको देखेर उनका आमाबुवा दङ्ग परे ।

सन्जीव भन्छन्, "असल छिमेकी नेपालप्रति अत्यन्तै धन्यवादी छु किनकि यस संस्थाले मलाई सीपमूलक तालिम दिएर दक्ष बनायो जसको कारणले आज आफ्नो खुट्टामा उभिन सक्षम भएको छु । परिवारलाई पनि आर्थिक रूपमा सहायता गर्न सकेको छु । अब हाउस वाईरिङमा दोस्रो तहको परीक्षा पनि दिने योजना छ ।"





# ६. गाउँघर क्लिनिक तथा सहरी स्वास्थ्य इकाइ भवन निर्माण

**कार्य क्षेत्र** : गोरखा जिल्ला
**लक्षित वर्ग** : भूकम्पबाट प्रभावित समुदाय

भौगोलिक विकटता तथा सहज यातायातको व्यवस्था नभएकोले आधारभूत स्वास्थ्य उपचारको पहुँचदेखि टाढा भएका गाउँहरूमा नेपाल सरकारले महिनाको एक दुई दिन सम्बन्धित वडामा रहेका स्वास्थ्य कार्यकर्ताको टोली पठाएर सुत्केरी महिलाको चेकजाँच तथा नवजात शिशुहरूलाई नियमित खोपको व्यवस्था गाउँघर क्लिनिकबाट प्रदान गर्दै आएको छ । साधारण उपचार तथा मानिसको आधारभूत स्वास्थ्य उपचार प्रदान गर्ने गाउँघर क्लिनिक र स्वास्थ्य इकाइ सञ्चालन गर्न भवनको अभावले गर्दा निकै अप्ठेरो भइराखेको सिरानचोक गाउँपालिका वडा नं ७, सिम्ले र वडा नं ५, जरेबर तथा गोरखा नगरपालिका वडा नं ३ घलाङ्गमा सम्बन्धित वडा, गाउँपालिका र नगरपालिकाको समन्वयमा असल छिमेकी नेपालले विभिन्न दातृ–निकायको आर्थिक सहयोगमा सुविधा सम्पन्न भूकम्प प्रतिरोधक तथा अपाङ्गमैत्री भवनहरू निर्माण गरी सम्बन्धित समुदायमा हस्तान्तरण गर्न सफल भएको छ । भवन निर्माणसँगै असल छिमेकी नेपालले संस्थाको लागि आवश्यक फर्निचर र सामग्रीहरु उपलब्ध गराएकोले सिरानचोक गाउँपालिकाले स्वास्थ्य चौकीदेखि टाढा भएको उक्त गाउँमा नै आवश्यक स्वास्थ्य जनशक्तिको व्यवस्थापन गरी आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने भएको छ । उक्त गाउँघर क्लिनिक निर्माणका लागि गाउँपालिकाले आर्थिक सहयोगसमेत गरेको थियो । यसैगरी आमा समूहको सानो भवनबाट दैनिक स्वास्थ्य सेवा प्रदान गर्दै आएको घलाङ शहरी स्वास्थ्य इकाईले नवनिर्मित सुविधा सम्पन्न भवनबाट हस्तान्तरण पश्चात् नै सेवा दिन सुरु गरेको छ ।

सिरानचोक गाउँपालिका वडा ७ सिम्ले र वडा न.५ जरेवर, गोरखामा गाउँघर क्लिनिक तथा गोरखा नगरपालिका वडा न.३ घलाङ्गमा सुविधा सम्पन्न स्वास्थ्य उपचार केन्द्र भवन निर्माण भएपश्चात् गाउँमा नै प्राथमिक तहको स्वास्थ्य उपचार लिन पाउँदा गाउँका मानिसहरू एकदमै खुसी भएका छन् । गाउँमा नै सामान्य स्वास्थ्य उपचार सम्भव भएपश्चात् समय र पैसाको पनि बचत भएको छ ।

**३४५ परिवार**
सिम्ले गाउँघर क्लिनिक भवन निर्माण

**६०० परिवार**
घलाङ सहरी स्वास्थ्य इकाइ भवन निर्माण

**३५० परिवार**
जरेवर गाउँघर क्लिनिक भवन निर्माण

**१,२९५**
जम्मा लाभान्वित परिवार

# स्वस्थ समुदायको सपना


भूकम्प प्रभावित जिल्ला गोरखाको सिरानचोक गाउँपालिका वडा नं. ७ सिम्लेमा बस्ने मेरो नाम अनु गुरुङ हो । म २६ वर्षकी भएँ । सानो र सुखी मेरो परिवारमा ४ जना छौँ । गाउँमा सानो किराना पसलको व्यवसाय गर्दै छु । योभन्दा अघि म काठमाडौंमा किराना पसलको व्यवसाय गर्दथेँ । भूकम्पपछि म गाउँ फर्केर सोही व्यवसायलाई गाउँमा निरन्तरता दिएर दैनिक गुजारा गर्दै आइरहेकी छु ।

गाउँमा रुघाखोकी, ज्वरो, झाडापखाला तथा सामान्य चोटपटकको लागि पनि उपचारको व्यवस्था थिएन । स्वास्थ्य केन्द्र टाढा साथै यातायातको साधनको सुविधा नभएको कारण बिरामी पर्दा उपचारको लागि दुई घण्टा हिँडेर स्वास्थ्य चौकी जानुपर्दथ्यो । गाउँका प्रायः युवाहरू रोजगारको लागि विदेश गएको कारणले गर्दा बिरामीलाई बोकेर उपचारको लागि लान पनि समस्या हुने गरेको थियो ।

असल छिमेकी नेपालले गाउँघर क्लिनिकको भवन गाउँमा नै निर्माण गरिदिएपछि स्वास्थ्य उपचारको लागि टाढा जानुपर्ने अवस्थाको अन्त्य भएको छ । यातायात अभाव तथा स्वास्थ्य केन्द्र टाढा भएको कारणले उपचारबाट वञ्चित हुनुपर्ने अवस्थामा परिवर्तन आएको महसुस भएको छ । प्राथमिक स्वास्थ्य उपचारको अभाव झेल्नुपर्ने छैन । गाउँघर क्लिनिकले दिने सेवाको कारण समुदायमा स्वास्थ्य सचेतना र स्वास्थ्य अवस्थामा पनि सुधार आउने आशा पलाएको छ ।

गाउँघर क्लिनिकको भवन बनाइदिएर स्वास्थ्य सेवा हाम्रो घरदैलोमा ल्याइदिएकोमा असल छिमेकी नेपाललाई धेरै धन्यवाद दिन चाहन्छु ।





# ७. पहिरो प्रभावितहरुलाई व्यक्तिगत आवास पुनर्निर्माण सहायता कार्यक्रम

**कार्य क्षेत्र** : पर्वत जिल्ला
**लक्षित** : पहिरोबाट प्रभावित समुदाय

२०७५ साल श्रावणमा परेको अविरल वर्षाका कारण जलजला गाउँपालिका वडा न. ४, ७ र ८ मा गएको पहिरोबाट प्रभावित घरपरिवारको लागि असल छिमेकी नेपाल र पोखरेली ख्रीष्टिय समुदायले तत्कालै राहत सामग्री तथा बालबालिकाहरूका लागि शैक्षिक सामग्रीहरू स्थानीय गाउँपालिकाको समन्वयमा वितरण गरेको थियो । असल छिमेकी नेपाल लगायत विभिन्न संस्थाहरूले गरेको राहत वितरणले तत्कालीन गुजारा टरे पनि वासस्थानको अभावको कारण छिमेकीको घरमा शरण लिनुपर्ने अवस्था थियो भने कतै जातियताको कारणले भाडामा कोठा पाउन पनि गाह्रो भएको थियो । यस अवस्थामा पहिरो प्रभावित **२२ परिवारलाई** पुनर्स्थापना तथा बासस्थानको व्यवस्था मार्फत् उनीहरूको जीवनमा सहजता ल्याउनका लागि असल छिमेकी नेपालले पहिरो प्रभावित व्यक्तिहरूको व्यक्तिगत आवास पुनर्निर्माण सहायता कार्यक्रम स्थानीय गाउँपालिकाको समन्वय तथा लाभग्राहीको सहकार्यमा सम्पन्न गरेको छ ।

परियोजना सम्पन्न भएपछि पहिरो प्रभावितहरू पुनर्निर्मित घरमा फर्केका छन् । घरवारविहीन पहिरो प्रभावितहरूको आर्थिक अवस्था कमजोर भएकाले दैनिक गुजारा चलाउन नै गाह्रो थियो । यस परिस्थितिमा असल छिमेकी नेपालको सहयोगले वासस्थानको निश्चितता गर्नुका साथै जीविकोपार्जनका उपायहरू खोज्नको लागि पनि सहज भएको छ । २०७६ साल साउन १० गते गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री, माननीय रामशरण बस्नेतज्यूको प्रमुख आतिथ्यमा निर्माण गरिएका व्यक्तिगत आवासहरु हस्तान्तरण गरिएको छ ।







# घर पुनर्निर्माण गर्ने सपना पूरा भयो

मेरो नाम सन्तु दमिनी हो । श्रीमान्ले बहुविवाह गरेका कारण अहिले श्रीमान्बाट अलग भएर आफ्ना दुई छोरीहरूसँग बस्छु । सानोमा पढ्ने वातावरण थिएन । अहिले ज्यालामजदुरी गरेर दैनिक जीविका चलाउनु बाहेक मेरो अरू कुनै आम्दानीको स्रोत छैन । छोरीहरू विद्यालयमा पढ्दै छन् । उनीहरू उच्च शिक्षा आर्जन गर्ने चाहना राख्छन् । आम्दानीको स्रोत नभएको कारण छोरीहरू बिदाको समयमा ज्याला मजदुरी गरेर पढाइको लागि आवश्यक खर्च तथा दैनिक जीविका चलाउने खर्च जुटाउने गर्छन् जसले मलाई पनि सहयोग भएको छ । दैनिक जीविका तथा छोरीहरूको पढाइको चिन्तामा जीवन गुज्रिरहेको समयमा २०७५ साउन महिनाको पहिरोले हाम्रो जीवन झन् नाजुक बनायो ।

पहिरोले घर लगेपछि घरबारविहीन बनेका हामीलाई बासस्थानको लागि दलित भनेर कोठा भाडा पाउन पनि धेरै गाह्रो भएको थियो । दुःखीलाई भगवान्ले हेर्छन् भनेजस्तै असल छिमेकी नेपाल हाम्रो लागि भगवान् बनेर आयो । असल छिमेकी नेपालले सहयोग नगरेको भए, हामी जस्तो गरिबहरूको घर कहिल्यै पनि बन्ने सम्भावना थिएन । घर बनाउने काममा छोराले पनि सहयोग गऱ्यो । अहिले सुर क्षित र बलियो घर निर्माण भएको छ, जसको कारण असल छिमेकी नेपाल हो । घर त सुरक्षित भयो तर पनि पहिरोको डर भने अझै लागेको छ । असल छिमेकी ने पालले गरेको सामाजिक सहयोग देखेर मेरा छोरीहरू पनि राम्रोसँग पढेर भविष्यमा सामाजिक काम गर्छौं भन्छन् जसले गर्दा मलाई थप आनन्द र खुसी लागेको छ । असल छिमेकी नेपालको गुन हामी कहिले पनि बिर्सिने छैनौं । यस संस्थाप्रति हामी धेरै धन्यवादी छौं ।

# कोषाध्यक्षको प्रतिवेदन



सामाजिक कार्य गर्ने उद्देश्यसाथ पोखरेली ख्रीष्टिय समुदायद्वारा स्थापना गरिएको यस असल छिमेकी नेपाल विशेष गरी नवलपरासी र कास्की जिल्लाका अति विपन्न तथा सीमान्तकृत समूहलाई लक्षित गरी उनीहरूको गाउँ समाजमा गई जीविकोपार्जन, आर्थिक उन्नति र जनचेतना फैलाउने काममा विगत १६ वर्षदेखि लागि परेको छ । विशेष गरी नवलपरासीका विपन्न तथा पिछडिएका मानिसहरूको जीवनमा ठूलो परिवर्तन आएको कुरा सुन्न पाउँदा हामी अत्यन्तै उत्साहित छौं ।

वैशाख १२, २०७२ को महाभूकम्पले गर्दा नेपालका गाउँहरूमा अकल्पनीय क्षति हुन पुग्यो र यसले देशलाई नराम्ररी हल्लाइदियो । नेपाल सरकारको मातहतमा रही असल छिमेकी नेपालले गोरखा जिल्लाका विभिन्न गाउँमा पुगी उदाहरणीय सेवा पुऱ्यायो जसको ज्वलन्त उदाहरण नेपाल सरकारका विभिन्न निकायहरूबाट प्राप्त प्रशंसापत्र तथा कदरपत्रहरू हुन् । गत साल साउन महिनाको बाढी र पहिरोबाट पर्वत जिल्लाको जलजलामा ठूलो क्षति भयो । असल छिमेकी नेपालले उक्त स्थानमा गई पहिरो प्रभावित परिवारलाई राहत वितरणका साथै गाउँपालिकासँग समन्वय गरी २२ वटा घरहरू पुनर्निर्माण गरी प्रदेश सरकारका मन्त्रीको रोहवरमा प्रभावितहरूलाई उक्त घरहरू हस्तान्तरण गरी मल्हमपट्टी लगाउन सक्षम भएको छ ।

२०७५ साल चैत्रको हुरीबतासको कारण बारा र पर्सा जिल्लामा ठूलो धनजनको क्षति भयो । स्थानीय स्तरमा सीमित स्रोतअनुसार त्यहाँ गई राहत वितरण गर्न सफल भयौं र असल छिमेकी नेपालका निर्देशकको प्रयासबाट केही रकम जुटेपछि यही जेष्ठ महिनामा बारा र पर्सा जिल्लाका प्रभावित क्षेत्रमा गई बाल–बालिकाहरूलाई पौष्टिक आहार, सुत्केरीहरूलाई आवश्यक सामग्री तथा स्कूलका नानीबाबुहरूलाई विद्यालय पोशाक वितरण गर्न सफल भयौं ।

साथै, २०७६ असार महिनामा अविरल वर्षाका कारण जलमग्न भएको पूर्वी तराईमा स्थानीय सरकारसँग समन्वय गरी तत्काल आवश्यक खाद्य तथा अन्य सामग्रीहरू उपलब्ध गराउन सफल भएका थियौं ।

असल छिमेकी नेपाललाई सहायता पुऱ्याउने दातृसंस्थाहरू लगायत यस संस्थालाई माया गरेर हातेमालो गर्ने सबै मित्रहरू, शुभेच्छुकहरूप्रति आभार प्रकट गर्दै धन्यवाद दिन चाहन्छु साथै आगामी दिनहरूमा पनि सबैको स्नेह र सहायताको अपेक्षा गर्दछु ।

असल छिमेकी नेपालका कार्यकारी निर्देशक एवम् सम्पूर्ण कर्मचारी मित्रहरूको अथक प्रयासले नियमित कामका साथै भूकम्प तथा बाढी र पहिरो प्रभावित समुदायहरूमा भएको उल्लेखनीय कार्यका निम्ति हृदयबाट धन्यवाद टक्राउन चाहन्छु ।

आर्थिक वर्ष २०७५२/०७६ को आर्थिक प्रतिवेदन र आर्थिक वर्ष २०७६/२०७७ को वार्षिक बजेट प्रस्तुत गर्दछु । धन्यवाद !

**पूर्णलाल कायस्थ**
**कोषाध्यक्ष**

**L. ADHIKARI & ASSOCIATES**
Membership No -781 | COP No. 632
Firm Reg. No. 529

**CHARTERED ACCOUNTANTS**
**PAN :** 602871462
**Mob:** +977-9856036906
**E-mail:** l.adhikare@gmail.com


## Independent Auditor's Report

The Members
**M/S ASAL CHHIMEKEE NEPAL (ACN)**

We have audited the accompanying financial statements of **M/S ASAL CHHIMEKEE NEPAL (ACN)** which comprises the Balance Sheet as at $31^{st}$ Ashad 2076 (Corresponding to $16^{th}$ July 2019) and related statement of the income & expenditure and fund accountability statement for the year then ended and a summary of significant accounting policies and other explanatory notes, annexed thereto. Management of the organization is responsible for the preparation and fair presentation of these financial statements in accordance with Nepal Accounting Standard. Our responsibility is to express an opinion on these financial statements based on our audit. We conducted our audit in accordance with the Nepal standard on auditing. Those standards require that we comply with ethical requirements and plan and perform the audit to obtain reasonable assurance whether the financial statements are free from material misstatements. An audit also includes evaluating the appropriateness of accounting policies used and the reasonableness of accounting estimates made by management, as well as evaluating the overall presentation of the financial statements.

We believe that audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our audit opinion.

On the basis of our examination and according to explanations given to us, we would further report that:

1. We have obtained all the information and explanations, which, to the best of our knowledge and belief, were considered necessary for the purpose for our audit.
2. In our opinion, proper books of accounts as required by the prevailing laws have been kept by the organization so far as appears from our examination.
3. In our opinion, the Balance Sheet, Income Statement and Fund Accountability Statement have been prepared in accordance with Nepal Accounting Standards and are in agreement with the books of accounts maintained by the organization.
4. To the best of our knowledge and in accordance with explanation given to us and from our examination of books of account of the organization necessary for the purpose of audit, we have not come across the cases wherein the executive committee or any members thereof or any representative or any office bearer of the organization has acted deliberately contrary to the provisions of law or caused any loss or damage to the organization or committed any misappropriation or fraud, nor we have been informed of any such case by the management.

In our opinion, financial statements give a true and fair view of the financial position of the organization as of $31^{st}$ Ashad 2076 (Corresponding to $16^{th}$ July 2019) and results of its' financial performance for the year then ended in accordance with Nepal Accounting Standards, generally accepted accounting principles.

Place: Pokhara
Date: 2076.04.26

Lakshman Adhikari
Chartered Accountant

L. Adhikari & Associates, Kaski, Chartered Accountants


Tel : 061-538296, Pokhara-8, Newroad, Kaski

**ASAL CHHIMEKEE NEPAL**
Pokhara 1, Simpani
**Statement of Financial Position**
As at 31st Ashad 2076 (16th July 2019)

| Particulars | Annex | Current Year Rs. | Previous Year Rs. |
|---|---|---|---|
| **A. Assets** | | | |
| **1. Non-current Assets** | | | |
| Gross Fixed Assets | 1 | 23,201,424.65 | 6,673,521.10 |
| Less: Acumulated Depreciation | | 3,754,001.76 | 2,904,434.06 |
| **Net Fixed Assets** | | **19,447,422.89** | **3,769,087.04** |
| **Total Non-Current Assets** | | **19,447,422.89** | **3,769,087.04** |
| **2. Current Assets** | | | |
| Cash and Cash Equivalent | 2 | 72,275,803.78 | 110,564,796.90 |
| Advance and Deposits | 3 | 1,087,021.22 | 7,554,975.10 |
| Sundry Receivables | 4 | 6,862,156.96 | 1,076,321.60 |
| Revolving Fund Mobilization | 5 | 1,129,050.00 | 1,081,754.00 |
| **Total Current Assets** | | **81,354,031.96** | **120,277,847.60** |
| **Total Assets** | | **100,801,454.85** | **124,046,934.64** |
| **B. Reserves Funds and Liabilities** | | | |
| **1. Reserves Funds** | | | |
| Previous Year's Balance | | 112,816,265.29 | 96,377,007.50 |
| Add: Current Year Surplus or (Deficit) | | (25,669,307.00) | 16,439,257.79 |
| **Total Reserve Fund** | | **87,146,958.29** | **112,816,265.29** |
| **2. Donor's Fund** | | | |
| Donor Fund | 6 | **1,466,138.90** | - |
| **3. Liabilities** | | | |
| **Current Liabilities** | | | |
| Sundry Payables | 7 | 10,848,697.29 | 9,896,750.98 |
| Revolving Fund | 8 | 1,339,660.37 | 1,333,918.37 |
| **Total Liabilities** | | **12,188,357.66** | **11,230,669.35** |
| **Total Reserve Fund & Liabilities** | | **100,801,454.85** | **124,046,934.64** |

Significant Accounting policies and Notes to account forms integral part of financial statements

Per our report on even date

Finance Head
Sujit Tripathi

Executive Director
Rajendra Kumar Adhikari

Treasurer
Purna Lal Kayestha

Secretary
Prakash Bhujel

Chairman
Bharat Bahadur Gurung

Auditor
CA. Lakshman Adhikari

**ASAL CHHIMEKEE NEPAL**

**Pokhara 1, Simpani**

**CASH FLOWS STATEMENT**

As at 31st Ashad 2076 (16th July 2019)

| Particulars | Current Year Rs. | Previous Year Rs. |
|---|---|---|
| **A. Cash Flow From Operating Activities :** | | |
| Net Surplus (Loss) Before Extraordinary Item | (25,669,307.00) | 16,439,257.79 |
| Adjustment for : | | |
| Depreciation | 849,567.70 | 799,431.40 |
| **Operating Surplus Before Changes Working Capital** | **(24,819,739.30)** | **17,238,689.19** |
| (Increase)/ Decrease in Current Assets | 634,822.51 | (5,209,680.24) |
| Increase/ (Decrease) in Current Liabilities | 957,688.31 | 790,583.05 |
| **Net Cash from Operating Activities** | **(23,227,228.48)** | **12,819,592.00** |
| **B. Cash Flows from Investing Activities :** | | |
| Acquisition of Subsidiary Net of Cash Acquired | | |
| Purchase of Fixed Assets | (16,527,903.55) | (266,000.00) |
| Proceeds from sale of Fixed Assets | | |
| **Net Cash Used in Investing Activities** | **(16,527,903.55)** | **(266,000.00)** |
| **C. Cash Flows from Financing Activities :** | | |
| Received from Loan | - | - |
| Changed in Doner fund | 1,466,138.90 | - |
| **Net Cash Used in Financing Activities** | **1,466,138.90** | - |
| **Net Increase in Cash and Cash Equivalents** | **(38,288,993.13)** | **12,553,592.00** |
| Cash and Cash Equivalents at Beginning of Period | 110,564,796.90 | 98,011,204.89 |
| **Cash and Cash Equivalents at end of Period** | **72,275,803.78** | **110,564,796.90** |

Significant Accounting policies and Notes to account forms integral part of financial statements

Per our report on even date

Finance Head
Sujit Tripathi

Executive Director
Rajendra Kumar Adhikari

Treasurer
Purna Lal Kayastha

Secretary
Prakash Bhujel

Chairman
Bharat Bahadur Gurung

Auditor
CA. Lakshman Adhikari

**ASAL CHHIMEKEE NEPAL**

**Pokhara 1, Simpani**

**Statement of Income & Expenditure**

For the Period of 1st Shrawan 2075 (17th July 2018) to 31st Ashad 2076 (16th July 2019)

| Particulars | Annex No. | Current Year Rs. | Previous Year Rs. |
|---|---|---|---|
| **Income** | | | |
| Income Received during the period | 9 | 48,063,612.25 | 110,554,365.67 |
| Interest Income | | 6,789,964.69 | - |
| Other Income | | 1,363,733.63 | - |
| **Total Income** | | **56,217,310.57** | **110,554,365.67** |
| **Expenditure** | | | |
| Direct Project Expenses | 10 | 72,916,695.21 | 82,213,321.95 |
| Project Administrative Expenses | 11 | 8,120,354.66 | 11,102,354.53 |
| Depreciation during the period | | 849,567.70 | 799,431.40 |
| **Total Expenditure** | | **81,886,617.57** | **94,115,107.88** |
| | | | |
| **Surplus or (Defecit) During the year** | | **(25,669,307.00)** | **16,439,257.79** |
| Less: Transfer to specific fund | | - | - |
| **Surplus or (Defecit) transferrred to Reserve Fund** | | **(25,669,307.00)** | **16,439,257.79** |

Significant Accounting policies and Notes to account forms integral part of financial statements

Per our report on even date

Finance Head
Sujit Tripathi

Executive Director
Rajendra Kumar Adhikari

Treasurer
Purna Lal Kayestha

Secretary
Prakash Bhujel

Chairman
Bharat Bahadur Gurung

Auditor
CA. Lakshman Adhikari

L. Adhikari & Associates, Chartered Accountants, Kaski

## आ.व. २०७६/७७ को लक्षित कार्यक्रम योजना तथा अनुमानित आय–व्यय (बजेट)

| कार्यक्रम | कास्की | | | नवलपरासी | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | प्रत्यक्ष लागत | अप्रत्यक्ष लागत | कुल रकम | प्रत्यक्ष लागत | अप्रत्यक्ष लागत | कुल रकम | |
| **समुदाय सशक्तिकरण, जीविकोपार्जन तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम** | | | | | | | |
| शान्तिपूर्ण र समावेशी समाज प्रवर्द्धन | १९,००,५३६ | २,४३,१२७ | २१,४३,६६३ | ४१,३९,८६६ | ५,१३,६९६ | ४६,५३,५६२ | ८९,४०,८८७ |
| समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा | १२,३८,०५३ | २,२०,५२७ | १४,५८,५८० | १३,०२,२९३ | २,३१,५४८ | १५,३३,८४१ | ४४,५१,००१ |
| स्वस्थ तथा समृद्ध जीवन | ४,००,२२४ | ७०,६३२ | ४,७४,८६६ | | | | ९,४९,७३२ |
| सुरक्षित तथा दिगो समुदाय | ९,३६,५१६ | १,६३,४१३ | १०,९९,९३० | ११,९३,५३८ | २,०८,७७३ | १४,०२,३११ | ३६,०२,१७० |
| **जम्मा** | **४४,७९,३४०** | **६,९७,६९९** | **५१,७७,०३८** | **६६,३५,६९८** | **९,५४,०१७** | **७५,८९,७१४** | **१,७९,४३,७९१** |
| **शान्तिपूर्ण र समावेशी समाज प्रवर्द्धन कार्यक्रम** | | | | | | | |
| नवजीवन कार्यक्रम तथा बाल संरक्षण | ५३,७६,५०३ | ८,४३,५७८ | ६२,२०,०८१ | – | – | | **१,२४,४०,१६२** |

## आ.व. २०७६/७७ को गोरखा जिल्लामा योजना गरिएको/सञ्चालित कार्यक्रम तथा अनुमानित आय–व्यय (बजेट)

| कार्यक्रम | स्थान | समय | बजेट रु. |
|---|---|---|---|
| अपाङ्गमैत्री पुनर्स्थापना तथा तालिम केन्द्र भवन निर्माण | गोरखा न.पा–८, ढुङ्गागाडे, गोरखा | जेठ, २०७७ सम्म | १,८९,१७,८५९ /– |
| बेनीगाउँ सामुदायिक स्वास्थ्य केन्द्र भवन निर्माण | घ्यालचोक–८, गण्डकी गाउँपालिका | भदौ देखि पौष, २०७६ | ३४,७२,५१०/– |
| केराबारी गाउँघर क्लिनिक भवन निर्माण | सिरानचोक गाउँपालिका १, केराबारी | भदौ देखि माघ, २०७६ | ३७,००,०००/– |
| शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम | सिरानचोक गाउँपालिका–७, श्रीनाथकोट | बैशाख २०७६ देखि मंसिर, २०७७ | २८,०४,१८४/– |
| **जम्मा** | | | **२,८८,९५,१५३/–** |

# आन्तरिक तथा बाह्य अनुगमन / मूल्याङ्कनका झलकहरू



समाज कल्याण परिषद्को अनुगमन/मूल्याङ्कनमा कार्यकारी निर्देशकले परियोजनाको विवरण प्रस्तुत गर्दै




जिल्ला स्वास्थ्य कार्यालय गोरखामा समाज कल्याण परिषद्को अनुगमन/मूल्याङ्कन टोली



समाज कल्याण परिषद्का अनुगमन/मूल्याङ्कन टोली कार्यकारिणी समितिका पदाधिकारीसँग



महिलाका लागि लागूपदार्थ सुधार केन्द्रमा सेवाग्राहीसँग भेट गर्दै



पोखरा महानगरपालिकाका पदाधिकारीहरूको अनुगमन



दातृ–निकाय तथा स्थानीय निकायको संयुक्त अनुगमन



दातृ-निकायको अनुगमन



कार्यकारिणी समितिबाट अनुगमन



कार्यकारिणी समितिबाट अनुगमन



कार्यक्रमको नियमित अनुगमन



कार्यक्रमको नियमित अनुगमन



कार्यकारिणी समिति तथा व्यवस्थापन समूहबाट अनुगमन

# पत्रपत्रिकामा प्रकाशित समाचारहरू



पोखरा, १४ फागुन । पोखरेली क्रीष्टिय समुदायको सामाजिक ...
गण्डकी प्रदेशका ... विकास मन्त्री रामशरण बस्नेत ...
सिर्जनाचोकस्थित ...
प्रतिकार्य समापन ...
कार्यक्रममा असल ...
नामजस्तै काम ग...



## एसीएनको गोरखा भुकम्प प्रतिकार्यको समापन

हिमदूत संवाददाता

पोखरा, १४ फागुन : पोखरेली क्रिष्टिय समुदायको सामाजिक अंग असल छिमेकी नेपालले सञ्चालन गरेको सामाजिक लेखाजोखा तथा गोर्खा भूकम्पको प्रतिकार्य कार्यक्रमको समापन भएको छ।



## असल छिमेकीको गोरखा भुकम्प प्रतिकार्य कार्यक्रम समापन

54

...तिकार्य कार्यक्रम सकिएको छ । भुकम्प लगतै शुरु ...
... बराबरका कार्यक्रम सञ्चालन भएका असल छिमेकी ...
...ोट, ध्याल्चोक, भुम्लिचोक, घैरुङ र आपीपिपल



नेपाल समा...

## २ सय ५० घर बनाउन असल छिमेकी पोखराको सहयोग



अरूण Post

Siddhartha Bank

गृहपृष्ठ | समाचार | प्रदेश | समाज | अन्तर्वार्ता | अर्थ | मनोरञ्जन | विचार

## घर बनाउन असल छिमेकीको सहयोग ,पुर्ननिर्माणले ल्यायो विपन्न समुदायमा खुशी

दीपक श्रेष्ठ

गोरखा १६, मङ्सिर । पुर्ननिर्माण सम्पन्न भएर नयाँ घरमा बस्न पाएपछि गोरखाको सिरानचोक गाउँपालिका सिम्लेका विपन्न समुदाय यति बेला खुशी छन् । २०७२ बैसाक १२ गतेको विनासकारी भुकम्पले पूर्ण रुपमा

## असल छिमेकी नेपालद्धारा हुरीपिडितलाई सहयोग






१२ असार, वीरगञ्ज । गत चैत १७ गते आएको आँधी प्रभावित क्षेत्रका २ सय जना भन्दा बढी गर्भवती, सुत्केरी महिलालाई बिहीबार राहत वितरण गरिएको छ । बाराको सुवर्ण गाउँपालिका वडा नं ४ हर्दिया, वडा नं ८ प्रसुरामपुर, वडा नं १ कवहीमा राहत वितरण गरिएको हो ।

असल छिमेकी नेपाल पोखराको टोलीले टोर्नाडो प्रभावित क्षेत्रमा पुगेर राहत वितरण गरेको थियो । शिशुका लागि ब्लाङ्केट, बेबी किट, ५ सय ग्राम घिउ, २ सय ग्राम ज्वानो, ५ सय ग्राम हर्लिक्स, ५ सय ग्राम सर्वोत्तम पिठोसहितको झोला हस्तान्तरण गरिएको सहजकर्ता प्रेम घिमिरेले जानकारी दिए ।

## जलजलाका पहिरो पिडितलाई घर

रिखार संवाददाता
बेनी १४ साउन

एक वर्षअघिको ... घरबास गुमाएका ... गाउँपालिकाका पहिरो ... घर निर्माण ... गरिएको छ । ... उन १ गतेको बाढी, ... मा क्षति पुगेको ... जनाको ज्यान ... सल छिमेकी ... न समुदाय, ... संस्थाको ... हो । ...



पहिरो पिडितलाई घर निर्माण भएको प्रमाणपत्र र चाबी हस्तान्तरण गर्दै । तस्विर रिखार दैनिक

सटाएर प्राविधिक सहयोग उपलब्ध ... गराएको संस्थाले जनाएको छ । ... लामाखेतमा औपचारिक ... कार्यक्रम गरेर मंगलवार पहिरो ... पिडितलाई घर ... त्यहाँ बस्न नसकिने बताएका ... छन् । बेरनेटाकी ... परिवार ...

## पहिरो पिडितलाई घर हस्तान्तरण

हिजो | १४ श्रावण २०७६, मंगलवार | 197 पटक पढिएको

बेनी १४ साउन । जलजला गाउँपालिकाका २२ परिवार पहिरो पिडितहरुलाई मंगलवार घर हस्तान्तरण ... । २०७५ साउन १ गतेको बाढी, पहिरो पिडितलाई असल छिमेकी नेपाल, पोखरेली खिष्टियन ...

NepalChurch.com

## जलजलाका पहिरोपीडितलाई नयाँ घर

0 | August 1, 2019 | NC Reporter

कमल पोखरेली

जलजला, पर्वत, १४ साउन, मंगलबार

पोखरेली ख्रीष्टिय समुदाय, असल छिमेकी नेपालले पर्वत जिल्लाको जलजला गाउँपालिकाका पहिरो पिडित २२ परिवारलाई घर हस्तान्तरण ... प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री रामशरण बस्नेत र पर्वत जिल्लाका प्रजिअ कल्पना घिमिरे नेपालले पहिरो पिडितलाई घर निर्माण ... चावी सहित घर हस्तान्तरण गरेका हुन्। गत वर्ष साउने सक्रान्तिको दिन अविरल वर्षाका कारण पर्वतको जलजला गाउँपालिका–८ तस्ती ... आएको पहिरोले सुकुम्बासी बस्ती पुरिँदा एक किशोरको मृत्यु भएको थियो भने करिब दुई दर्जन घरपरिवार विस्थापित भएका थिए।

कार्यक्रममा बोल्दै मन्त्री बस्नेतले गैरस सरकारलाई सहयोग गर्ने साझेदार हो भन्दै असल छिमेकी नेपाल आफूले विश्वास गरेको र ... छिमेकी नेपालले भूकम्पिछको गोरखा पुनर्निर्माणमा देखाएको तदारुकताको मुक्तकण्ठले प्रशंसा गर्दै "जहाँ विपद् आयो त्यहाँ ... सरकार सकोस् भनी शुभकामना पनि दिए। उनले विपद्को दिगो व्यवस्थापनमा ध्यान दिनुपर्ने र यसका लागि विशेष गरी स्थानीय सरकार ... त्यस्तै वडा नं. ८ का अध्यक्ष हरिविकास जिसीले सरकारले निभाउनुपर्ने भूमिका असल छिमेकीले वहन गरिदिएको भन्दै पहिरोलग ... सहयोगको स्मरण गरे। असल छिमेकी नेपालले लतिशेरै राहतस्वरूप १५ दिनलाई पुग्ने खाद्यान्न तथा अन्य अत्यावश्यक सामग्री ... परिवारका विद्यार्थीहरुलाई पोशाक र स्टेशनरी सामग्री प्रदान गरेको थियो।



दरौँदी — गोरखाको पहिलो दैनिक पत्रिका

Thursday, 4 July, 2019 | बिहिबार, असार १९, २०७६



## मन्त्री बस्नेतद्वारा नारेश्वरको सहरी स्वास्थ्य केन्द्रको उद्घाटन

331 SHARES

Facebook Twitter LinkedIn

## बाढी प्रभावितलाई राहत वितरण

प्रस, वीरगंज, १७ साउन/

पर्सा जिल्लाका बाढी प्रभावित करीब ३७५ घरपरिवारलाई पोखराको असल छिमेकी नेपाल संस्थाले राहत सामग्री वितरण गरेको छ।

बाढी प्रभावित पकाहामैनपुर गापा-४ धोबियाटोला, खेसाहा, श्यामपुर, भेलाहा, लहावरथकरी सानो, लहावरथकरी ठूलोलगायतका स्थानमा बाढी प्रभावित घरपरिवारलाई राहत सामग्री वितरण गरेको सो संस्थाले जनाएको छ।

सो संस्थाले प्रतिपरिबार एक बोरा चामल, ३ किलो दाल, नुन, नुहाउने र लुगाधुने साबुन, टुथपेस्ट, टुथ ब्रस, सेनेटरी प्याकेट, ब्ल्याङ्केट, झुल, ग्याँस लाइटर, त्रिपाललगायत राहत सामग्री वितरण गरेको थियो।

राहत वितरण कार्यक्रममा गापा अध्यक्ष विजय चौरसिया, सामाजिक कार्यकर्ता प्रकाश थारूसहित जनप्रतिनिधि, सुरक्षाकर्मी, संस्थाका सदस्यहरू सहभागी थिए। यो संस्थाले यसअघि पर्सामा ११७ र बारामा १२६ बाढी प्रभावित घरपरिवारलाई राहत सामग्री वितरण गरेको थियो।




Self Help Group meeting in Nawalparasi

ASAL
CHHIMEKEE
NEPAL
ACN

ADDRESS
PHONE
E-MAIL

**Asal Chhimekee Nepal**
P.O. Box 263
Simpani, Pokhara- 1

+977 61 522516
+977 61 534159

info@acn.org.np

for our stories and news,
please visit

acn.org.np/news

Find us :